**Machhapuchchhre Bank Limited**

माछापुच्छ्रे बैंक लिमिटेड

# माच्छापुच्छ्रे बैंक लिमिटेड

## दशौं वार्षिक प्रतिवेदन २०६४/०६५



## संचालक समिति



**सूर्य बहादुर के. सी.**
अध्यक्ष



**गीता श्रेष्ठ**
संचालक



**प्रकाश के. सी.**
संचालक



**आजाद श्रेष्ठ**
संचालक



**नरेश बहादुर मल्ल**
संचालक



**प्राणेश्वर पोखरेल**
संचालक



**किशोर कुमार शाह**
संचालक

लेखापरिक्षक
**पि. एल. श्रेष्ठ**, एफ सि ए
पि. एल. श्रेष्ठ एण्ड कं.
चार्टर्ड एकाउन्टेण्टस्

**गोविन्द प्रसाद शर्मा**
कम्पनी सचिव

**Machhapuchchhre Bank Limited**

माछापुच्छ्रे बैंक लिमिटेड

## विषय सुची


| | |
|---|---|
| प्रतिनिधि (Proxy) नियुक्त गर्ने निवेदन | ३ |
| दशौं बार्षिक साधारण सभा सम्बन्धी सूचना | ५ |
| साधारण सभा सम्बन्धी सामान्य जानकारीहरू | ६ |
| अध्यक्षको मन्तव्य | ७ |
| सञ्चालक समितीको बार्षिक प्रतिवेदन | ९ |
| कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको थप जानकारी | १७ |
| लेखापरीक्षकको प्रतिवेदन | २१ |
| वासलात | २२ |
| नाफा-नोक्सान हिसाब | २३ |
| नाफा नोक्सान  बाँडफाँड हिसाब | २४ |
| नगद प्रवाह विवरण | २५ |
| इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरण | २६ |
| अनुसूची | २७ |
| प्रमुख लेखा नीतिहरू | ५० |
| लेखा सम्बन्धि टिप्पणीहरू | ५३ |
| Disclosure under Basel II | ५६ |
| नेपाल राष्ट्रबैंकबाट दिइएका निर्देशनहरू | ५८ |
| प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्तावहरू | ५९ |
| व्यवस्थापन समूह | ६० |

**प्रधान कार्यालय**
पो.उ.म.न.पा -९, नयाँबजार ,पोखरा,
जिपिओ बक्स नं-४१, पोखरा
फोन नं.- ०६१-५३०९००, फ्याक्स - ०६१-५३०५००
ईमेल - mblpkr@mbl.com.np

**कर्पोरेट कार्यालय**
का.म.न.पा ३२ , पुतलिसडक, काठमाण्डौं
जि.पि.ओ बक्स १२४२७
फोन नं.- ४४४३६८१, फ्याक्स - ४४२५३५६
ईमेल - machbank@mbl.com.np

**शाखा कार्यालयहरू**

**दमौलि**
ब्यास नगरपालिका २, दमौलि बजार, तनहुँ
फोन नं. - ०६५-५६०५००, फ्याक्स् - ०६५-५६०६१४
ईमेल - mbldml@mbl.com.np

**भैरहवा**
शिद्धार्थनगर न.पा १२, भैरहवा, रुपन्देही
फोन नं. - ०७१-५२४६४२, फ्याक्स् - ०७१-५२४६४३
ईमेल - mblbhw@mbl.com.np

**बिरगंज**
बिरगंज उ.म.न.पा ९, धण्टाघर, पर्सा
फोन नं. - ०५१-५२४८२८, फ्याक्स् - ०५१-५३०३७३
ईमेल - mblbrg@mbl.com.np

**महेन्द्रपुल**
पो.उ.म.न.पा ४, चिप्लेढुङ्गा,पोखरा, कास्की
फोन नं. - ०६१ ५३८४७९, फ्याक्स् - ०६१ ५३८४८०
ईमेल - mblmpl@mbl.com.np

**काठमाण्डौ**
का.म.न.पा ३२, पुतलिसडक, काठमाण्डौ,
जिपिओ बक्स नं- १२४२७
फोन नं. - ४४४३६८१, ४४१८५३७
फ्याक्स् - ४४१६०४५
ईमेल - mblktm@mbl.com.np

**रामबजार**
पो.म.न.पा - १५, रामबजार, पोखरा, कास्की
फोन नं. - ०६१-४३११९३, फ्याक्स् - ०६१-४३११९२
ईमेल - mblram@mbl.com.np

**बगर**
पो.उ.म.न.पा-१, बगर, पोखरा, कास्की
फोन नं. - ०६१-५४१२२६, फ्याक्स् - ०६१-५४१२२७
ईमेल - mblbgr@mbl.com.np

**जोमसोम**
मार्फा गाबिस ५ पुथाङ्ग बजार,एयरपोर्ट
फोन नं. - ०६९-४४०१०१, फ्याक्स् - ०६९-४४००९८
ईमेल - mbljom@mbl.com.np

**बनेपा**
न.पा.१० त्रिभुवनचोक
फोन नं. - ०११-६६३५५३, फ्याक्स् - ०११-६६०६४५
ईमेल - mblbnp@mbl.com.np

**न्यूरोड**
कामनपा २२ सुन्धारा
फोन नं. - ४१५०२०१, फ्याक्स् - ४१५०२०९
ईमेल - mblnrd@mbl.com.np

**ललितपुर**
ललितपुर उमनपा ११, ग्वाका
फोन नं. - ५२०३३३३, फ्याक्स् - ५२०११६५
ईमेल - mblltp@mbl.com.np

**बालुवाटार**
काजिकामनपा ४, बालुवाटार
फोन नं. - ४४३१८१५, फ्याक्स् - ४४३१८९६
ईमेल - mblblt@mbl.com.np

**थापाथलि**
का.जि.का.म.न.पा ११, थापाथलि
फोन नं. - ४२३३१८२, फ्याक्स् - ४२३३१८३
ईमेल - mblthp@mbl.com.np

**ईटहरी**
नगरपालिका १, ईटहरी चोक
फोन नं. - ०२५-५८६८८१, फ्याक्स् - ०२५ ५८६८८३
ईमेल - mblith@mbl.com.np

**बेनी**
अर्थङ्ग गा.बि.स म्याग्दी, बेनिबजार
फोन नं. - ०६९-५२०९२४, फ्याक्स् - ०६९-५२०९६५
ईमेल - mblben@mbl.com.np

**आँबु खैरेनी**
तनहुँ, आँबु गा.बि.स ६
फोन नं. - ०६५-५४०३४४, फ्याक्स् - ०६५-५४०२६६
ईमेल - mblkrn@mbl.com.np

**वालिङ्ग**
न.पा ३, वालिङ्ग बजार
फोन नं. - ०६३-६९५५९०, फ्याक्स् - ०६३-४४०३११
ईमेल - mblwal@mbl.com.np

**दुलेगौंडा**
गा.बि.स ७, दुलेगौडा बजार
फोन नं. - ०६५-५७०८००, फ्याक्स् - ०६५-५७०८०१
ईमेल - mbldlg@bl.com.np

**धनकुटा**
न.पा ७, बसपार्क, धनकुटा
फोन नं. - ०२६-५२१४३७, फ्याक्स् - ०२६-५२१४३८
ईमेल - mbldkt@mbl.com.np

**लेकसाईड पोखरा**
उ.म.न.पा- ६ लेक साईड पोखरा, कास्की
फोन नं. - ०६१-४६३२००, ४६३७००
फ्याक्स् - ०६१-४६३५००
ईमेल - mbllks@mbl.com.np

**ईलाम**
नपा १, इलाम चोक
फोन नं. - ०२७-५२१७१०, फ्याक्स् - ०२७-५२१७११
ईमेल - mblilm@mbl.com.np

**बुटवल**
न.पा ६ राममन्दिर मार्ग
फोन नं. - ०७१-५४५७७६, फ्याक्स् - ०७१-५४५७८९
ईमेल - mblbtl@mbl.com.np

**नारायणघाट**
भरतपुर न.पा ४, शहिद चोक
फोन नं. - ०५६-५३३२७१, ५३३२७२,
फ्याक्स् - ०५६-५३३२७३
ईमेल - mblngt@mbl.com.np

**माच्छापुच्छ्रे बैंक लिमिटेड**

# प्रवेश पत्र

शेयरधनीको नाम : .......................................................................................................................

शेयर प्रमाणपत्र नम्बर : .........................................    शेयर संख्या : ..........................................................

शेयरधनीको दस्तखत : ...........................................................

(मिति २०६५ साल पौष २३ गते बुधबारका दिन हुने माछापुच्छ्रे बैंक लिमिटेडको दशौं बार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र)

**द्रष्टब्य** : १) शेयरधनी आफैले खाली कोष्ठहरु भर्नु होला ।

२) सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र प्रस्तुत गर्नु अनिवार्य छ ।



**गोबिन्द प्र. शर्मा**
कम्पनी सचिव

# प्रतिनिधि (Proxy) नियुक्त गर्ने निवेदन

श्री संचालक समिति
माछापुच्छ्रे बैंक लिमिटेड
पोखरा, कास्की ।

**विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

..................... जिल्ला ........................ न.पा./गा.वि.स वडा नं. ... बस्ने म/हामी ........................... ले माछापुच्छ्रे बैंक लिमिटेडको शेयरवालाको हैसियलते मिति २०६५ साल पौष २३ गते बुधबारका दिन हुने बैंकको दशौं साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि ................ जिल्ला ................. न.पा./गा.वि.स वडा नं. ..... बस्ने त्यस बैंकका शेयरवाला श्री ........................................... शेयर पमाणपत्र नम्बर ............ लाई मेरो/हाम्रो प्रतिनिधि (प्रोक्सी) मनोनित गरि पठाएको छु / छौं ।

निवेदक,
दस्तखत :
नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नम्बर :
शेयर कित्ता नम्बर ................................. देखि ................................. सम्म
मिति :

**नोट** : यो निवेदन साधारण सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै बैंकको रजिष्टर्ड कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।

# दशौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति २०६५/०८/२४ (तदनुसार ९ डिसेम्बर २००८) गते बसेको संचालक समितिको १६६औं बैठकको निर्णयानुसार यस बैंकको दशौं बार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :**

सभा हुने मिति : २०६५ साल पौष २३ गते बुधबार (७ जनवरी २००९)।
स्थान : होटल फेवा प्रिन्स, पोखरा।
सभा शुरु हुने समय : बिहान ११:०० बजे।

## छलफलका विषयहरू :

### (क) सामान्य प्रस्ताबहरू:

१. संचालक समितिको तर्फबाट अध्यक्षज्युवाट प्रस्तुत हुने बार्षिक प्रतिवेदन २०६४/६५ पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६५ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०६४/६५ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने।
३. वोनस शेयर वितरण गर्दा लाभांश कर भुक्तानी प्रयोजनको लागी संचालक समितिले सिफारिस गरे बमोजिम नगद लाभांश बितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०६५/६६ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन, २०६३ को दफा ६०(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार हाल बहालबाला लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ पुनः नियुक्त हुन सक्नु हुन्न।)

### (ख) बिशेष प्रस्तावहरू :

१. संचालक समितिले सिफारिस गरे बमोजिम २०६५ आषाढ मसान्तमा समाप्त बर्षको मुनाफा तथा गत आर्थिक बर्ष सम्मको संचित मुनाफा रकम समेत प्रयोग गरी रु. १६,४३,३०,२६०/- बराबरको बोनस शेयर जारी गरी सोहि हद सम्मको बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने। उक्त अनुपातमा बोनस शेयर जारी गर्दा कुनै भिन्न अङ्क (Fraction) आएमा शेयरधनी समूहको बर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (Fraction) अङ्कको बोनस शेयरलाई पूर्ण (Whole) अङ्कमा परिणत गरी तदनुकुल जारी तथा चुक्ता पूँजीमा समायोजन गर्न सक्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने।
२. समूह "क" का संस्थापक शेयरधनीहरुले हाल धारण गरेको शेयर स्वामित्व ७० प्रतिशत मध्ये १९ प्रतिशत शेयर समूह "ख" का शेयरधनीहरुको समुहमा रहने गरी साधारण शेयरतर्फ परिणत गर्ने।
३. बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन सम्वन्धि प्रस्ताव पारित गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्टारको कार्यालयबाट स्विकृति लिने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।

### (ग) बिविध।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी सामान्य जानकारीहरू :

१. बैंकको शेयर दाखिल खारेजको काम मिति २०६५ पौष १० गते देखि २०६५ पौष २३ गतेसम्म बन्द रहने छ।

२. शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा बार्षिक प्रतिवेदन पुस्तिका पठाईने छ। कुनै कारणबश उक्त पुस्तिका नपाउनु भएमा बैंकको कर्पोरेट कार्यालय, पुतलीसडक, काठमाण्डौं वा प्रधान कार्यालय, नयाँ बजार, पोखरा र शाखा कार्यालयहरुबाट शेयरधनीको प्रमाणपत्र प्रस्तुत गरी सो प्राप्त गर्न सक्नु हुनेछ।

३. सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले आफ्नो फोटो भएको कुनै परिचय पत्र वा कुनै एक सक्कल शेयर प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध छ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी बैंकको प्रधान कार्यालय, पोखरामा सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडि अर्थात २०६५/०९/२१ गते विहान ११:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति बैंकको शेयरधनी हुनु अनिबार्य छ।

५. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा "मैले यस अघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिईयोस्" भनी छुट्टै पत्र लेखी पठाएको अवस्थामा अन्य सबै प्रतिनिधिहरु (प्रोक्सी) बदर भई सोही पत्र साथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ। सो बमोजिम नगरी एकै शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई कुनै किसिमबाट बिभाजन गरी वा नगरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको पाईएमा त्यस्तो सबै प्रतिनिधि (प्रोक्सी) बदर हुने छ।

६. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन आएमा शेयरधनीले गरि दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

७. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ८:०० बजे देखि अपरान्ह १२:०० बजेसम्म खुल्ला रहने छ। परिचय नं. (शेयरधनी नं.) को आधारमा हाजिरी जनाउने ब्यबस्था गरिएको हुंदा शेयरधनी महानुभावले आफ्नो परिचय नं. अनिवार्य रुपमा प्रस्तुत गरिदिनु हुन अनुरोध छ।

८. सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको अवस्थामा बाहेक एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा (साझा गरी) शेयर लिएको रहेछ भने शेयरधनीको दर्ता किताबमा दर्ता क्रमानुसार पहिलो नाम उल्लेख भएको व्यक्ति एक जनाले मात्र सभामा भाग लिन सक्ने छ।

९. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेको व्यक्तिले मात्र सभामा भाग लिन सक्नु हुनेछ। तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकले अरु शेयर धनीको प्रतिनिधि (प्रोक्सी) भई सभामा भाग लिन सक्नु हुने छैन।

१०. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ। यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात मिति २०६५ पौष २१ गते बिहान ११:०० बजे भित्र बैंकलाई लिखितरुपमा जानकारी दिनु पर्नेछ।

११. छलफलका बिषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ। तर त्यस्ता बिषयलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

१२. अन्य जानकारीको लागि बैंकको प्रधान कार्यालय, नयाँबजार पोखरा वा कर्पोरेट कार्यालय, पुतलीसडक काठमाण्डौमा सम्पर्क राख्नु हुन वा यस बैंकको वेभ साईट www.machbank.com हेर्नु हुन अनुरोध छ।

# दशौं साधारण सभामा संचालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु हुँदा अध्यक्षको मन्तव्य

## आदरणीय शेयरधनी महानुभावहरू,

यस माछापुच्छ्रे बैंक लि.को दशौं बार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, पर्यवेक्षकहरु, लेखापरीक्षकज्यू, पत्रकारज्यूहरु तथा सहयोगी कर्मचारीहरुलाई संचालक समितिको तर्फबाट तथा मेरो आफ्नै तर्फबाट समेत हार्दिक स्वागत अभिवादन गर्दछु ।

यस बैंक २०६५ साल असोज १७ गते संचालनको आठौं बर्ष पूरा गरि नवौं बर्षमा प्रवेश गरेको छ । यस अवधिमा बैंकले थुप्रै चुनौतिहरु पार गर्नुका साथै धेरै अवसरहरुलाई पनि अंगाल्न पाएको छ र हरेक बर्ष आफ्नो प्रगतिलाई अग्रगतिमा लैजान प्रयासरत रहेकोछ । यस बैंकले करिव १२ हजार लगानीकर्ता र ८० हजार भन्दा बढी ग्राहकहरुको मन जित्न सफल हुन सक्नुमा पनि आदरणीय शेयरधनी एवं शुभेच्छुक महानुभावहरुको सल्लाह, सुझाव र मार्गनिर्देशन नै प्रमुख कारण भएकाले यस्तो सल्लाह, सुझाव र मार्गनिर्देशन निरन्तर पाई रहने विश्वासमा छु ।

## शेयरधनी महानुभावहरू,

बैंकको आर्थिक बर्ष २०६४/०६५ को वित्तीय बिबरणहरु वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको बित्तीय प्रतिवेदन तथा सञ्चालक समितिको प्रतिवेदन यहाहरु समक्ष प्रस्तुत गरिएकोछ, सो प्रतिवेदन पारित गर्नका लागि अनुरोध गर्दै संचालक समितिको अध्यक्षको हैसियतले आफ्नो मन्तव्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

राजनैतिक अस्थिरता, उद्योग व्यवसायमा उत्पन्न विभिन्न अवरोध तथा समस्या र तिव्र प्रतिस्पर्धाका बाबजूद बैंकले व्यावसायिक कारोवारमा बृद्धि गर्दै आफ्नो छवी कायम राख्न सफल रहेको छ । जोखिम उठाई बैंकमा लगानी गर्ने समादरणिय लगानीकर्ता शेयर धनीहरुलाई उचित प्रतिफल प्रदान गर्न बैंक सधै प्रयत्नशील रही आएको छ ।

बैंक संचालनको समिक्षा गर्दा २०६४ असार मसान्तको तुलनामा २०६५ असार मसान्तमा बैंकको निक्षेप १७ प्रतिशतले बृद्धि भै रु. ११ अरब १० करोड, कर्जा तथा सापटीमा २२ प्रतिशतले बृद्धि भै रु. ८ अरब ९६ करोड, संचालन मुनाफामा २१ प्रतिशतले बृद्धि भै रु. ३० करोड ४२ लाख र कर पछिको खुद मुनाफामा ११ प्रतिशतले बृद्धि भै रु. ८ करोड ५० लाख रहेको जानकारी गराउन चाहन्छु । यस्तै, बैंकको कूल सम्पत्ति १६ प्रतिशतले बृद्धि भै रु. १२ अरब ५० करोड पुगेको छ । बैंकले आर्थिक बर्ष २०६४/६५ मा आर्जन गरेको खुद नाफाको २० प्रतिशतले हुने रकम रु. १ करोड ७० लाख साधारण जगेडा कोषमा सारिएको छ । यस्तै, बिनिमय दरको परिबर्तनबाट भएको सटहि घटबढ आम्दानी को २५ प्रतिशतले हुने रकम रु. २५ लाख सटहि घटबढ कोषमा सारिएको छ । बैंकको चुक्ता पूँजी आर्थिक वर्ष २०६९/७० सम्म रु २ अरब पुऱ्याउने उद्देश्यले बैंकले यस आर्थिक वर्ष समाप्ती सम्मको संचित मुनाफा बाट रु. १६ करोड ४३ लाख ३० हजार २६० बोनस शेयर जारी गर्न संचालक समितिले यस साधारण सभामा विशेष प्रस्ताव गरेको छ । सो अनूसार बैंकको हाल कायम रहेको कुल चुक्ता पूँजीको प्रत्येक १० शेयर को लागि १.२५ शेयर अर्थात १२.५० प्रतिशत का दरले बोनस शेयर जारी भए पछि थप रु. १६ करोड ४३ लाख पूँजी अभिबृद्धि भै बैकको चुक्ता पूँजी रु. १ अर्ब ४८ करोड हुनेछ । साथै प्रस्तावित बोनश शेयर को कर वापत रु. ८६ लाख ४८ हजार नगद लाभासंको रुपमा बितरण गर्न प्रस्ताव गरिएको छ र बाँकि रहेको रकम रु. ३० लाख ७१ हजार वासलातमा सारिएको छ ।

प्रस्तावित बोनस शेयर बितरणको लागि गणना गर्दा कुनै शेयरधनीले पाउने बोनस शेयर संख्या बट्टामा (in fraction) समेत आउन सक्ने हुँदा यसरी बट्टामा (in fraction) आए जतिको शेयर संख्यालाई पूर्ण संख्या (Whole Figure) मा पुऱ्याउन आवश्यक पर्ने रकम शेयरधनीवाट बोनस शेयर वितरण गर्दाको समयमा लिई समायोजन गर्ने प्रस्ताव गरिएको छ ।

२०६४ असार मसान्तमा बैंकको निष्कृय कर्जा कूल कर्जा तथा सापटीको १.१६ प्रतिशत रहेकोमा २०६५ असार मसान्तमा १.०४ प्रतिशत मात्र रहेकोले कर्जाको गुणस्तरमा सुधार भएको देखिन्छ ।

२०६५ असार मसान्तमा बैंकको पूँजीकोष पर्याप्तता १२.२९ प्रतिशत रहेको छ जुन नेपाल राष्ट्र बैंकले तोकेको ११ प्रतिशत भन्दा बढि नै रहेकोले पुंजी पर्याप्तताको आधारमा बैंक मजवुत रहेको जानकारी गराउन पाउंदा अत्यन्त खुशी लागेकोछ ।

समिक्षा अवधिमा बैंकको प्रति शेयर बजार मूल्य शतप्रतिशत भन्दा बढिले बृद्धि हुनुका साथै प्रति शेयर किताबी मूल्य पनि १६ प्रतिशतले बढेको छ ।
समिक्षा अवधिमा बैंकले बिरगंज, नेपाल राष्ट्र बैंक परिसर पोखरा, इटहरी, रत्नपार्क, मंगलबजार र कालिमाटीमा गरि ६ वटा नयाँ ATM थपेको छ भने आंवुखैरनी, धनकुटा, बेनी, वालिंग र दुलेगौडामा गरि ५ वटा नयाँ शाखाहरु खोलेको छ । सो अवधिमा बालुवाटार एक्सटेन्सन काउन्टरलाई पनि शाखामा परिणत गरिएको छ । यसरी २०६५ असार मसान्तमा बैंकको आफ्नै ATM संख्या १२ र थापाथली एक्सटेन्सन काउन्टर सहित शाखाहरुको संख्या २० पुगेको छ ।

समिक्षा अवधिमा बैंकले प्रदान गरिरहेको सेवा तथा सुबिधाहरुमा पनि समयानुकूल परिमार्जन गरेको छ । बैंकले प्रदान गरिरहेको Anywhere Banking, SMS Banking, Internet Banking, ATM Services, Telephone Bill Payment Services, Evening Counter, 365 Days Banking, Debit Card, Salary Management Scheme आदि लाई

बैंकले अझ ब्यापक बनाउदै आएको छ। बैंकले प्रदान गरिरहेको Salary Management Scheme ले राम्रो सफलता हासिल गर्न सफल भएको छ। बैंकको कूल निक्षेपमा बचत निक्षेपको (अंश) ४४ प्रतिशत रहेको छ र कूल बचतमा Salary Management Scheme अन्तर्गतका खाताहरुको योगदान ९ प्रतिशत रहेको छ।

बैंकले प्रदान गर्ने सेवाहरुको दायरा फराकिलो पार्न र गुणस्तर बढाउन प्रबिधिको महत्वपूर्ण भूमिका रहने भएकोले बैंकले आफ्नो प्रबिधिलाई स्तरबृद्धि गर्ने तथा समयानुकूल थप परिमार्जन गर्ने कामलाई निरन्तर जारी राखेको छ। समिक्षा अवधिमा बैंकले प्रयोग गरिरहेको GLOBUS Banking Software लाई T24 version मा स्तरबृद्धि (upgrade) गरिएको छ। उक्त स्तरबृद्धि पश्चात बैंकको Software को कार्यकुशलतामा थप बृद्धि भएको छ।

त्यसैगरि बैंकको ATM प्रयोगकर्ता ग्राहकहरुको संतुष्टि बढाउन तथा VISA Electorn Card जारी गर्नको लागि चालू आर्थिक बर्षमा आफ्नै Switching System Equipment राख्ने निर्णय गरि खरिद संझौता समेत भैसकेकोछ। बैंकको आफ्नै Switching System भएपछि ATM को reliability / efficiency बढ्नुका साथै VISA Electorn Card जारी गर्न सकिने हुन्छ र सो कार्ड नयाँ बर्षमा जारी गर्ने लक्ष लिईएको व्यहोरा जानकारी गराउंदछु।

देशकै पहिलो बैंकको रुपमा हाम्रो बैंकले आर्थिक बर्ष २०६२/०६३ मा ISO Certification प्राप्त गरेको थियो र सो Quality Management Certification लाई निरन्तर कायम राख्न बैंक प्रतिबद्ध छ।

समग्रमा बैंकको संचालन गतिबिधिहरु संतोषजनक रहेको छ र बैंकको कारोबारमा निरन्तर बृद्धि रहेको छ।

समिक्षा अवधिमा बैंकले कर्पोरेट कार्यालय प्रयोजनको लागि काठमाण्डौंको लाजिम्पाट स्थित ३४ आना जग्गा र ८ तले निर्माणाधिन भवन रु. २१ करोड २५ लाखमा खरिद गरिएको छ। सो भवनको फिनिसिङ्ग कार्य भैरहेको र अन्तिम चरणमा पुगेको छ। त्यसै गरि समिक्षा बर्षमा बैंकले जोमसोममा शाखा कार्यालय रहेको भवन रु. ८४ लाखमा खरिद गरेको छ। साथै बाग्लुङ्ग र दमौलीमा बैंकको स्वामित्वमा रहेका जग्गामा बैंकको शाखा कार्यालयको लागि भवन निर्माणको कार्य भईरहेको छ। चालु आर्थिक बर्षमा बैंकले भैरहवामा शाखा कार्यालयको लागि १ कट्ठा सवा दश धुर जग्गा रु. ४८ लाख ७७ हजारमा खरिद गरेको छ।

## चालु आर्थिक बर्षमा बैंकले सम्पन्न गर्ने लक्ष्य लिएका कामहरू:

१. स्वदेश तथा बिदेश सबै तिर चल्ने VISA Electron Card जारी गर्ने।
२. कम्तिमा ७ वटा शाखाहरु र १० वटा ATM बिस्तार गर्ने।
३. बैंकको कर्पोरेट कार्यालय लाजिम्पाट स्थित आफ्नै भवनमा सार्ने।
४. दमौलि र बागलुङ्गमा बैंकको आफ्नै शाखा भवनको निर्माण कार्य सम्पन्न गर्ने र चिप्लेढुंगा (महेन्द्रपुल) को आफ्नै जग्गामा शाखा कार्यालयको लागि भवन निर्माण शुरु गर्ने।
५. विप्रेषण सेवालाई प्रभावकारी बनाउन थप अन्तर्राष्ट्रिय तथा स्वदेशी बैंकहरु तथा रेमिटेन्स एजेन्सीहरुसंग सहकार्य बढाउने।
६. नयाँ वचत तथा कर्जा योजनाहरु ल्याउने।
७. नेपाल राष्ट्र बैंकको मापदण्ड बमोजिम वासेल टू पूर्णरुपमा लागू गर्ने।
८. नेपाल राष्ट्र बैंकको नीति बमोजिम बैंकको पूँजी बृद्धि गर्ने।

नेपाल राष्ट्र बैंकबाट जारी भएको परिपत्र र प्राप्त स्वीकृति बमोजिम संस्थापक शेयरधनीहरुले ५१ प्रतिशत राखी बाँकी सर्वसाधारण शेयरमा परिणत गर्न पाउने भए अनुसार संस्थापकहरु (क वर्ग) को १९ प्रतिशत शेयर सर्वसाधारण बर्ग (ख वर्ग) मा परिणत गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति समेत लिईसकिएकोले सोहि अनुसार संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन गरि संस्थापकहरुको ५१ प्रतिशत र सर्वसाधारणहरुको ४९ प्रतिशत कायम गर्ने र तदनुकूल बैंकको प्रबन्धपत्र र नियमावलीमा समेत संशोधनको विशेष प्रस्ताव यस साधारण सभामा पेश गरिएकोछ। शेयर स्वामित्वको संरचनामा परिवर्तन भए अनुरुप संचालक समितिको प्रतिनिधित्वमा समेत परिवर्तन हुने व्यहोरा अनुरोध गर्दछु।

बैंकले सवै शेयरधनी तथा सरोकारवाला (stake holders) हरुसंगको सूचना आदान प्रदानलाई उच्च प्राथमिकता दिएको छ। बैंकले आफ्नो वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन लगायत अन्य बैंकको प्रगति विवरणहरु तथा बैंकले प्रदान गर्ने विभिन्न सेवाहरुको जानकारीहरु विभिन्न समाचार माध्यम एवं बैंकको वेभसाइट www.machbank.com मार्फत गराउने गरेको छ। हाम्रा शेयरधनी महानुभावहरु तथा शुभचिन्तकहरुले बैंक सम्बन्धी आबश्यक सूचनाहरु ती माध्यमहरुबाट समयमा नै पाईरहनु भएको छ भन्ने बिश्वास लिएको छु।

बैंकको सफलताको लागि बिभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने आदरणीय शेयरधनी महानुभावहरु, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, पत्रकारजगत, बिभिन्न संघसंस्थाहरु, बैंकका लेखापरीक्षक, बैंकका संचालकज्यूहरु, ईमान्दार एवं लगनशील कर्मचारीहरु र बैंकलाई संरक्षकत्व प्रदान गरिदिनुहुने सम्पूर्ण ग्राहकवर्ग र बैंकका शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, आगामी दिनहरुमा पनि सबैबाट बैंकले यस्तै मार्ग निर्देशन तथा सरसल्लाह आत्मियता, सहयोग र बिश्वास पाईरहने छ भन्ने पुनः अपेक्षा गरेको छु।

धन्यवाद।

**सूर्य बहादुर के.सी.**
अध्यक्ष

# माछापुच्छ्रे बैंक लिमिटेडको दशौं वार्षिक साधारण सभामा प्रस्तुत संचालक समितिको बार्षिक प्रतिवेदन

## आदरणीय शेयरधनी महानुभावहरू,

यस बैंकको दशौं साधारण सभामा सहभागि हुन पाल्नु भएका समस्त शेयरधनी महानुभावहरुमा बैंक संचालक समिति हार्दिक स्वागत तथा अभिबादन गर्दछ।

आफ्नो स्थापना काल देखि नै समय सापेक्ष सुधार गर्दै लगि शेयरधनीहरु प्रति रहेको आफ्नो कर्तब्य तथा उत्तरदायित्वको पालना गर्दै यस बैंक २०६५ साल असोज १७ गते संचालनको नवौं बर्षमा प्रवेश गरेको छ। यात्राको यस अबधिमा बैंकले थुप्रै चुनौतिहरु पार गर्नुका साथै धेरै अवसरहरुलाई पनि अंगाल्न पाएको छ। आज पनि हाम्रो अगाडि धेरै चुनौति र अवसरहरु बिद्यमान छन्। समीक्षा अवधिमा मूलुकको राजनैतिक परिदृष्यमा अभूतपूर्व परिबर्तनहरु भएकाछन् र त्यसको प्रभाव देशको अर्थतन्त्रमा बिस्तारै देखिदै जाने नै छ। नयाँ नेपाल निर्माण गर्ने क्रममा देश अहिले  नयां संविधान बनाउन जुटेको छ।

हालै संयुक्त राज्य अमेरिकाबाट शुरु भएको वित्तीय संकटको प्रभाव फैलिएर विश्व ब्यापि भएको छ। जसको फलस्वरुप विश्व अर्थतन्त्रमा मन्दि (recession) देखापरेको छ। नेपालमा पनि धेरथोर त्यसको असर पर्ने सम्भावनालाई नकार्न सकिदैंन।

बैंकलाई सुरक्षित लगानी मार्फत उच्च प्रतिफल प्राप्त गर्ने दिशा तर्फ लगि आदरणीय शेयरधनीहरु प्रति आफ्नो कर्तब्य तथा उत्तरदायित्व पूरा गर्ने हाम्रो प्रतिवद्धता निरन्तर कायम रहने छ। यसै सन्दर्भमा बैंकले अबलम्बन गर्ने ब्यबसायीक रणनीति तथा योजनाहरु देशको आन्तरिक परिस्थिति र बाह्य प्रभावहरु समेतलाई बिश्लेषण गरेर निर्धारण गर्ने गरिएको छ।

## मुलुकको समष्टिगत आर्थिक अवस्था

बिगत १२ बर्ष देखिको निरन्तर घरेलु राजनैतिक द्धन्दबाट अस्थिर रहदै आएको नेपाली अर्थतन्त्रमा शान्ती सम्झौता पश्चात आर्थिक वर्ष २०६४/६५ मा केही सुधार आएको देखिन्छ। आर्थिक वर्ष २०६३/६४ मा देशको कुल गार्हस्थ्य उत्पादनको बृद्धिदर आधारभूत मूल्यमा २.६ प्रतिशत र उत्पादकको मूल्यमा ३.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा क्रमशः ५.६ प्रतिशत र उत्पादकको मूल्यमा ४.७ प्रतिशत हुन पुगेको छ।

आर्थिक वर्ष २०६४/६५ को कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको वृद्धिदर ५.६५ प्रतिशत र गैर्‍ह कृषि क्षेत्रको वृद्धिदर ५.५७ प्रतिशत रहेको छ , जुन वृद्धिदर आर्थिक वर्ष २०६३/६४ मा क्रमशः ०.९४ प्रतिशत र ४.१ प्रतिशत रहेको थियो। समिक्षा अवधिमा मौसमी अनुकूलताले गर्दा धान र तरकारी तथा फलफूलको उत्पादनमा बृद्धि भएकोले गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको बृद्धिदरमा सुधार भएको हो।

गैर्‍ह कृषि क्षेत्र तर्फ थोक तथा खुद्रा ब्यपार, होटल तथा रेस्टुरेन्ट, यातायात, संचार तथा वित्तीय क्षेत्रको बिस्तार उत्साहप्रद रहेको छ।

देशमा शान्ति सुरक्षाको स्थितिमा आएको क्रमिक सुधार, पर्यटक आगमनमा भएको बृद्धि तथा नयाँ बैंक तथा वित्तीय संस्थाहरुको स्थापना र मौजूदा बैंक तथा वित्तीय संस्थाहरुले गरेको शाखा बिस्तार आदि कारणहरुले गर्दा आर्थिक वर्ष २०६४/६५ मा कुल गार्हस्थ्य उत्पादनमा बृद्धिदर हासिल भएको अनुमान गर्न सकिन्छ।

आर्थिक वर्ष २०६४/६५ मा कुल आयात १६.१ प्रतिशतले वृद्धि भएको छ, जुन अघिल्लो वर्ष १२ प्रतिशतले बढेको थियो। त्यसै गरि आर्थिक वर्ष २०६४/६५ मा कुल निर्यात २.४ प्रतिशतले मात्र वृद्धि भएको छ, जुन अघिल्लो वर्ष १.४ प्रतिशतले घटेको थियो। औद्योगिक शान्ति कायम हुन नसक्नु, बेलाबेलामा भैरहेको  बन्द, हडताल र अनियमित विद्युत तथा ईन्धन आपूर्तिको कारणले देशको निर्यात ब्यापारलाई प्रतिकूल असर पारेको छ।

आर्थिक वर्ष २०६४/६५ मा व्यापार घाटा अघिल्लो बर्षको तुलनामा २२.२ प्रतिशतले वृद्धि भै रु. १६५ अर्ब ३३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो घाटा रु. १३५ अर्ब ३१ करोड थियो। सोही अवधिमा भारतसंगको व्यापार घाटा अघिल्लो बर्षको तुलनामा ४२.८ प्रतिशतले वृद्धि भै रु. १०५.९० अर्ब पुगेको छ। आयातमा भएको वृद्धिको कारणले कूल व्यापार घाटा रकममा अघिल्लो वर्षको भन्दा बढि हुन आएको हो।

आर्थिक वर्ष २०६४/६५ मा शोधान्तर बचत रू. २९ अर्व ६७ करोड रहेको छ ,जुन बचत अघिल्लो वर्ष रू. ५ अर्व ९० करोड रहेको थियो। समिक्षा अवधिमा बस्तु तथा सेवा ब्यापार खाता घाटामा रहेता पनि पर्यटन आय, विप्रेषण आप्रवाह र पूँजीगत ट्रान्सफरमा बृद्धि आएको कारणले शोधनान्तर बचतमा बृद्धि भएको हो।

२०६४ असार मसान्तको तुलनामा २०६५ असार मसान्तमा बैंकिङ्ग क्षेत्रको कुल विदेशी विनिमय संचितिमा २८.८ प्रतिशतले बृद्धि भै रु. २१२.६२ अर्ब पुगेको छ । आर्थिक वर्ष २०६४/६५ को आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको सो स्तरले ११.३ महिनाको वस्तु आयात र ९.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको अनुमान छ ।

२०६४ असार मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ६४.८५ रहेकोमा २०६५ असार मसान्तमा उक्त विनिमय दर रू. ६८.५० हुन आई समिक्षा अबधिमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ५.३ प्रतिशतले अबमूल्यन भएको छ ।

२०६५ असार मसान्तमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (Inflation) १२.१० प्रतिशत रहेको छ । यस्तो मुद्रास्फीति २०६४ असार मसान्तमा ५.१ प्रतिशत रहेको थियो । समिक्षा अबधिमा ईन्धन र खाद्यान्नको मूल्यमा विश्वब्यापी रुपमा बृद्धि आएको र भारतले नेपालतर्फ निकासी हुने केही खाद्य बस्तुहरुको निर्यातमा रोक लगाएको कारणले उपभोग्य बस्तुहरुको मूल्य बढ्न गै मुद्रास्फीतिमा बृद्धि हुन आएको हो ।

शान्ति सुरक्षाको अवस्थामा अपेक्षित सुधार, उद्योग ब्यापारलाई चाहिने आबश्यक आधारभूत संरचनाहरुको उचित ब्यबस्था, उत्पादनका साधनहरुको अधिकतम उपयोग गरी उत्पादकत्वमा बृद्धि, तुलनात्मक लाभ र भ्यालू एडिसन हुने बस्तु तथा सेवाहरुको पहिचान गरि प्रतिस्पर्धात्मक क्षमतामा बृद्धि र निर्यात बजारको उचित ब्यबस्थापन नभएसम्म देशको औद्योगिक क्षेत्रले अपेक्षित द्रुत गति लिन सक्ने संभावना न्यून रहेको छ ।

## बैंकिङ्ग व्यवसाय

आर्थिक वर्ष २०६४/६५ मा थप ५ बाणिज्य बैंक, २० बिकास बैंक, ४ वित्त कम्पनी र १ लघुवित्त बिकाश बैंक गरि नयाँ ३० वटा वित्तीय संस्थाहरु संचालनमा आएकाछन् भने मौजूदा बैकहरुले पनि देशको बिभिन्न स्थानहरुमा गरि १०६ वटा थप शाखाहरु खोलेका छन् । २०६५ असार मसान्तमा देशमा कारोबार गर्ने बाणिज्य बैंकहरुको संख्या २५, बिकाश बैंकहरुको संख्या ५८, वित्त कम्पनीहरुको संख्या ७८, र लघुवित्त बिकास बैंकहरुको संख्या १२, वित्तीय सहकारीहरुको संख्या १६ र गैर वित्तीय सहकारीहरुको संख्या ४६ पुगेकोछ भने बाणिज्य बैंकहरुको शाखा संख्या ५५८ पुगेको छ । यसरी समिक्षा अवधिमा वित्तीय क्षेत्र झन् प्रतिस्पर्धात्मक बनेको छ ।

बैकहरुको साधनको मुख्य श्रोतको रुपमा रहेको निक्षेप आर्थिक बर्ष २०६३/६४ को तुलनामा आर्थिक बर्ष २०६४/६५ मा २६.०० प्रतिशतले बृद्धि भै रु. ४२१.५२ अर्ब पुगेको छ । कूल निक्षेप परिचालन मध्ये वचत निक्षेप रु. ३६.७७ अर्ब र आबधिक (मुद्दति) निक्षेप रु. ३८.३३ अर्ब ले बृद्धि भएको छ । बिप्रेषण आप्रवाहमा भएको बृद्धि तथा नयां थप ५ वटा वाणिज्य बैंकहरु संचालनमा आउनुका साथै वाणिज्य बैंकहरुको शाखा विस्तार उल्लेख्य भएकाले गर्दा निक्षेप परिचालनमा उच्च बृद्धि भएको छ ।

त्यसैगरि कुल आन्तरिक कर्जा आर्थिक बर्ष २०६४/६५ मा २०.९० प्रतिशतले बढेको छ जुन अघिल्लो आर्थिक वर्षमा ११.७ प्रतिशतले बढेको थियो । सो अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २६.९० प्रतिशतले बढेको छ, जुन अघिल्लो आर्थिक वर्ष १२.३ प्रतिशतले मात्र बढेको थियो । निजी क्षेत्रका बैंकहरूले खाद्यप्रशोधन उद्योग, फलामजन्य निर्माण सामाग्रि बनाउने उद्योग, घरजग्गा तथा शेयर कारोबार, निर्माण, सेवा र थोक तथा खुद्रा व्यापार तथा उपभोग कर्जा (Consumer Credits) जस्ता क्षेत्रमा कर्जा लगानी बढाएको एवं समिक्षा अबधिमा थप बैक तथा बित्तीय संस्थाहरुले कारोवार शुरू गरेकोले पनि निजी क्षेत्रतर्फको कर्जा प्रवाहमा विस्तार आएको हो ।

समीक्षा वर्षमा वित्तिय संस्थाहरु बिचको बढ्दो प्रतिस्पर्धाले व्याजदर केहि परीवर्तन भएका पाईएको छ । चालु आर्थिक बर्षमा भने बैंकहरुले निक्षेपमा दिने तथा कर्जामा लिने दुबैको व्याजदरमा केही बृद्धि गरेको छ ।

नेपाल राष्ट्र बैंकले २०६५ श्रावण १ गते देखि पूँजीकोष सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड बासल टू (Basel II Capital Adequacy Framework) लागू गरेको छ । बैंकले विगतमा कर्जा जोखिमको आधारमा पूँजी को व्यवस्था गर्नु पर्नेमा नयां मापदण्ड (Framework) अनुसार कर्जा जोखिमको आधारका साथसाथै सञ्चालन जोखिम र बजार जोखिम समेतको आधारमा पूँजी राख्नु पर्ने ब्यबस्था गरेको छ ।

देशले लिएको लचिलो उदार आर्थिक नीतिको कारणले आगामी दिनमा पनि बैंक तथा वित्तीय संस्थाहरु खुल्ने क्रम निरन्तर नै रहने सम्भावना देखिएकोछ । संगसंगै, नेपालले बिश्व ब्यापार संगठनको सदस्यता लिंदा गरेको प्रतिबद्धता बमोजिम सन् २०१० देखि देशको सेवा क्षेत्र अन्तराष्ट्रिय रुपमा खुल्ला गर्नु पर्ने भएकोले बिदेशी बैंक तथा बित्तीय संस्थाहरुले समेत नेपालमा आफ्नो शाखा खोली कारोबार संचालन गर्न सक्ने हुन आउँछ । यस परिस्थितिमा बैंकले आफ्नो कारोबारमा बृद्धि जारी राख्न शाखाहरुको संख्यामा बृद्धि गर्दै जानुका साथै कारोबारका नयाँ क्षेत्रहरुको पहिचान गर्नु र बैंकले दिने सेवाहरुमा समयानुकूल परिवर्तन र बिबिधिकरण गर्दै प्रविधिको क्षमतामा स्तरोन्नति गर्दै लैजानु तथा बैंकमा काम गर्ने कर्मचारीहरुको सीप, दक्षतामा एवं कार्यकुशलतामा अभिबृद्धि गरि ग्राहक सेवा प्रतिको प्रतिबद्धता बढाउनु अपरिहार्य हुन आउँछ ।

## चालु आर्थिक वर्षको संचालनको संक्षिप्त झलक

चालु आर्थिक बर्षको पहिलो ५ महिना सम्म बैंकको कारोवार स्थिति निम्न बमोजिम भएको अवगत गराउँदछु ।

(रकम रु. करोडमा)

| सि.नं. | शीर्षक | ३१/०३/२०६५ (१५.०७.२००८) | ३०/०८/२०६५ (१५.१२.२००८) |
|---|---|---|---|
| १. | निक्षेप तथा सापटी | १,११९.०८ | १,२१९.७४ |
| २. | लगानी | १५१.३६ | २०७.८४ |
| ३. | कर्जा तथा सापटी | ८९६.४१ | १,०२१.६२ |
| ४ | संचालन मुनाफा | ३०.४२ | १५.५७ |

२०६५ आषाढ मसान्तको तूलनामा चालु आर्थिक बर्षको पहिलो ५ महिनामा निक्षेप तथा सापटी तर्फ रु. १००.६६ करोड (९.००%), लगानी तर्फ रु. ५६.४८ करोड (३७.३२%) ले बृद्धि भएको छ भने कर्जा तथा सापटी तर्फ रु. १२५.२१ करोड (१३.९७%) ले बृद्धि भएको छ। चालु आर्थिक वर्षको पहिलो ५ महिनाको बैंकको कार्य प्रगती सन्तोषजनक रहेको तथा चालु आर्थिक वर्षमा अझ फलदायी परीणाम हासिल गर्ने कुरामा हामी आशावादी छौं ।

## गत आर्थिक बर्ष २०६४/६५ को कारोबारको सिंहावलोकन

सञ्चालक समितिको दशौ बार्षिक प्रतिवेदनका रुपमा ३१ आषाढ २०६५ को वासलात, उक्त मितिमा समाप्त भएको आर्थिक वर्ष २०६४/६५ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामीलाई हर्ष लागेको छ। यो प्रतिवेदन बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन, २०६३, नेपाल राष्ट्र बैंकको निर्देशन तथा कम्पनी ऐन, २०६३ अनुरुप रहेको छ।

बैंकले आर्थिक बर्ष २०६३/६४ र आर्थिक बर्ष २०६४/६५ मा हासिल गरेको वित्तीय उपलब्धीहरुको प्रमुख सुचकाङ्कहरु देहाय बमोजिम रहेका छन् ।

तल उल्लेखित तथ्यांकहरुले समीक्षा अवधिमा बैंकले गरेको प्रगतिको स्पष्ट झलक प्रदान गर्दछ भन्ने विश्वास लिएका छौं ।

गत बर्षको तुलनामा समीक्षा अवधिमा बैंकको निक्षेप तर्फ १७.१७ प्रतिशतले तथा कर्जा तथा सापटी २२.४७ प्रतिशतले बृद्धि भएको छ।

(रकम रु. करोडमा)

| शीर्षक | २०६४ असार मसान्त | २०६५ असार मसान्त | बृद्धि (प्रतिशतमा) |
|---|---|---|---|
| चुक्ता पूँजी | ८२.१६ | ८२.१६ | ०.००* |
| नेट वर्थ | १००.७३ | ११६.३३ | १५.५० |
| निक्षेप | ९४७.५५ | १,११०.२२ | १७.१७ |
| लगानी | १९७.२५ | १५१.३६ | (२३.२६) |
| कर्जा तथा सापटी | ७३१.९९ | ८९६.४१ | २२.४७ |
| ब्याज आम्दानी | ६९.४५ | ७९.६६ | १४.७१ |
| ब्याज खर्च | ३९.७७ | ४०.७९ | २.५७ |
| खुद ब्याज आम्दानी | २९.६८ | ३८.८७ | ३०.९७ |
| अन्य आम्दानी | ११.०५ | ११.१४ | ०.८२ |
| कर्मचारी खर्च | ५.४४ | ७.१४ | ३१.२५ |
| सञ्चालन खर्च | १०.१५ | १२.४४ | २२.५७ |
| सञ्चालन मुनाफा | २५.१४ | ३०.४२ | २१.०१ |
| कर पछिको खुद नाफा | ७.६८. | ८.५० | १०.६८ |
| कर्जा नोक्सानी व्यवस्था | १०.९४ | १२.९१ | १८.०१ |
| निष्कृय कर्जा अनुपात | १.१६% | १.०४% | (१०.३४) |
| कुल सम्पत्ति | १,०८१.०३ | १,२४९.८५ | १५.६२ |
| पूँजी पर्याप्तता (प्रतिशत) | ११.९७% | १२.२९% | २.६८ |
| प्रति शेयर बुक नेटवर्थ | १२१.७४ | १४१.५९ | १६.३१ |
| प्रति शेयर बजार मूल्य | ६२० | १,२८५ | १०७.२६ |
| शाखाहरुको संख्या | १५# | २०# | ४०.०० |
| ATM संख्या | ६ | १२ | १००.०० |
| कर्मचारी संख्या | २३४ | ३१३ | ३३.७६ |

* हकप्रद शेयर वापत अग्रिम जम्मा भएको रु. ७.९ करोडलाई आ.व. २०६४/६५ को चुक्ता पूँजी अन्तर्गत देखाईएको छैन ।
# थापाथली एक्सटेन्सन काउन्टर समेत ।

गत बर्षको तुलनामा समीक्षा अवधिमा बैंकको ब्याज आम्दानी १४.७१ प्रतिशतले बृद्धि भएकोमा ब्याज खर्च तर्फ २.५७ प्रतिशतले मात्र बृद्दि भएकोले खुद ब्याज आम्दानीमा ३०.९७ प्रतिशतले बृद्धि भएको छ।

गत बर्षको तुलनामा समीक्षा अवधिमा बैंकको अन्य आम्दानीमा ०.८२ प्रतिशतले मात्र बृद्धि भएको छ। यसको प्रमुख कारण यस अन्तर्गत सटही घटबढ आम्दानी र कमिशन तथा डिस्काउन्टमा बृद्धि भएतापनि अन्य संचालन आम्दानी ( प्रमुखतः कर्जाको सेवा शूल्क ) मा कमी आएकोले समष्टिगत रुपमा अन्य आम्दानी गत बर्षकै हाराहारीमा रहन आएको हो ।

गत बर्षको तुलनामा यस बर्ष कर्मचारी खर्च र अन्य सञ्चालन खर्चमा क्रमशः ३१.२५ र २२.५७ प्रतिशतले बृद्धि भएको छ। कारोबारमा बृद्धि तथा शाखा विस्तारको लागि गत बर्षको तुलनामा बैकको कर्मचारी संख्यामा बृद्धि गर्न आबश्यक भएकोले कर्मचारी खर्चमा बृद्धि भएको छ। त्यस्तै बैकले आफ्नो व्यबसाय बृद्धि गर्ने सिलसिलामा शाखा बिस्तार गर्नु पर्ने अपरिहार्यतालाई दृष्टिगत गरि समिक्षा बर्षमा ५ वटा नयाँ शाखाहरु खोलिएको र वालुवाटार एक्स्टेन्सन काउण्टरलाई शाखामा परिणत गरिएकोले सो संग सम्बन्धित खर्चहरु जस्तै घरभाडा, स्थिर सम्पत्तिको ह्रास खर्च, अपलेखन खर्च, बैकको सुरक्षा खर्चमा भएको बृद्धि, आदिले गर्दा अन्य संचालन खर्चमा बृद्धि हुन गएको छ। कर्मचारी खर्च र अन्य संचालन खर्चमा केही बृद्धि भएतापनि खूद ब्याज आम्दानीमा उल्लेख्य बृद्धि भएकोले संचालन मुनाफा २१.०१ प्रतिशतले बृद्धि भएको छ।

समीक्षा अवधिमा बैंकको निष्कृय कर्जाको अनुपात गत बर्षको तुलनामा १०.३४ प्रतिशतले घटेर कूल निष्कृय कर्जाको १.०४ प्रतिशत कायम हुन आएको छ। जुन अन्तर्राष्ट्रिय मापदण्ड भित्र रहेको छ।

गत बर्षको तुलनामा समीक्षा अवधिमा बैंकको खूद मुनाफा १०.६८ प्रतिशतले, कूल सम्पत्ति १५.६२ प्रतिशतले, प्रति शेयर बुक नेटवर्थ १६.३१ प्रतिशतले तथा प्रति शेयर बजार मूल्य १०७.२६ प्रतिशतले बृद्धि भएको छ।

## पुँजी तथा जगेडा

बैंकको नवौं साधारण सभावाट पारित १० शेयर बरावर ६ शेयरका दरले हकप्रद शेयर २०६५ असारमा आव्हान गरेकोले उक्त हकप्रद शेयर वापत अग्रिम प्राप्त रकम रु. ७.९ करोड समेत गर्दा बैंकको चुक्ता पूँजी रु. ९०.१३ करोड रहेको थियो। चालू आ.व. मा उपरोक्तानुसार जारी गरेको हकप्रद शेयर (१०:६) वापत रकम प्राप्त भई २०६५ आश्विन मसान्तमा बैंकको चुक्ता पूँजी रु. १ अर्ब ३१ करोड ४६ लाख पुगेको छ।

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार २०७० असार मसान्त सम्ममा बैंकको चुक्ता पूँजी रु. २ अर्ब पुऱ्याउनु पर्ने भएकोले बैंकले चालु आर्थिक बर्षमा हाल कायम रहेको चुक्ता पूँजी रु. १ अर्ब ३१ करोड मा १२.५०% बोनस शेयर जारी गरी बैंकको चुक्ता पूँजी रु. १ अर्ब ४८ करोड पुऱ्याउने सम्बन्धी बिशेष प्रस्ताव स्वीकृतिको लागि यस सभामा पेश हुने कुरा आदरणीय शेयरधनी महानुभावहरुलाई अवगत नै छ।

बैंकको पूँजी पर्याप्तता अनुपात १२.२९ प्रतिशत रहेको छ जुन नेपाल राष्ट्र बैंकले तोकेको न्युनतम ११ प्रतिशत तथा अन्तर्राष्ट्रिय मापदण्ड भन्दा बढि रहेको छ। यसबाट बैंकको वित्तीय स्थिति मजबुत रहेको प्रमाणित हुन्छ।

अनपेक्षित नोक्सानीलाई समेत थेग्न सक्ने गरी पर्याप्त पूँजी राख्ने बैंकको नीति रही आएको छ। बैंकको कारोबार विस्तार संगसंगै पूंजी कोषको आधारलाई समेत बृद्धि गर्ने तर्फ बैंक अध्ययनरत रहेको छ।

## नाफा नोक्सान बाँडफाँड

बैंकले आर्थिक बर्ष २०६४/६५ मा आर्जन गरेको खुद नाफाको २० प्रतिशतले हुने रकम रु. १ करोड ७० लाख नेपाल राष्ट्र बैंकको निर्देशन तथा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ बमोजिम साधारण जगेडा कोषमा छुट्याएको छ। यस्तै, बिनिमय दरको परिवर्तनबाट भएको सटहि घटबढ आम्दानी को २५ प्रतिशत रकम सटहि घटबढ कोषमा सार्नु पर्ने नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रु. २५ लाख सटहि घटबढ कोषमा सारिएको छ।

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकको चुक्ता पूँजी आ. व. २०६९/७० सम्म रु २ अरब पुऱ्याउने उद्देश्यले बैंकले यस आर्थिक वर्ष सम्मको संचित मुनाफा वाट रु. १६ करोड ४३ लाख ३० हजार २६० बरावर बोनस शेयर जारी गर्न प्रस्ताव गरिएको छ। सो अनूसार बैंकको हाल कायम रहेको कुल चुक्ता पूँजीको प्रत्येक १० शेयर को लागि १.२५ शेयर अर्थात १२.५ प्रतिशत का दरले बोनस शेयर जारी भए पछि थप रु. १६ करोड ४३ लाख पूँजी अभिबृद्धि भै बैकको चुक्ता पूँजी रु. १ अर्ब ४८ करोड हुनेछ। साथै, उक्त चुक्ता पूँजीको ०.६६ प्रतिशत बराबर रकम रु. ८६ लाख ४८ हजार माथि उल्लेखित बोनस शेयर को कर वापत नगद लाभासंको रुपमा बितरण गर्न प्रस्ताव गरिएको छ र बाँकि रहेको रकम रु. ३० लाख ७१ हजार वासलातमा सारिएको छ।

बोनस शेयर बितरणको लागि गणना गर्दा कुनै शेयरधनीले पाउने बोनस शेयर संख्या बट्टामा (in fraction) समेत आउन सक्ने हुँदा यसरी बट्टामा (in fraction) आए जतिको शेयर संख्यालाई पूर्ण संख्या (Whole Figure) मा पुऱ्याउन आवश्यक पर्ने रकम शेयरधनीवाट बोनस शेयर वितरण गर्दाको समयमालिई समायोजन गर्ने प्रस्ताव गरिएको छ।

## हकप्रद शेयर सम्वन्धमा

बैंकको नवौं साधारण सभावाट पारित १० शेयर बरावर ६ शेयरका दरले हकप्रद शेयर निष्काशन सम्वन्धमा हकप्रद शेयर निष्काशन सम्वन्धि सम्पूर्ण प्रक्रिया पुरा गर्दा समयमाभावका कारणले समिक्षा अवधिमा हकप्रद शेयर निष्काशनका लागि आव्हान गरिएको र चालु आ.व.मा शेयर निष्काशन प्रक्रिया समाप्त भै बैंकको चुक्ता पूँजी रु. १अरव ३१ करोड ४६ लाख पुगेको छ।

## तरलता व्यवस्थापन

बित्तीय क्षेत्रमा तरलताको व्यवस्थापन अत्यन्त चुनौतीपूर्ण र महत्वपूर्ण बिषय हो। अधिक तरलतावाट मुनाफामा असर पर्ने हुन्छ भने न्यून

तरलता आफैमा डर लाग्दो बिषय हो। सम्पत्ती तथा दायित्व भुक्तानी अवधिको असमान कारणले नै यस्ता समस्या आउने गर्छन। तसर्थ निक्षेपकर्ता तथा समग्र बैंकको हितका लागि बैंकले बिभिन्न नीति निर्देशनहरुको अधिनमा रहि प्राप्त श्रोतको उचित लगानी व्यवस्थापन गर्ने, बजार व्याजदर को अन्तर अनुगमन गरी लगानी नीतिमा तदनुरुप निर्णय लिने, तरल सम्पत्तीहरुको आवश्यक मात्रामा व्यवस्था गर्ने तथा तरलताको अन्तरमापन निरन्तर गर्ने जस्ता उपायहरुवाट तरलता जोखिम व्यवस्थापन गर्दै आएको छ। बैंकले सुरक्षित लगानी गर्ने क्रममा नेपाल सरकारले जारी गरेको ट्रेजरी बिल तथा ऋणपत्रहरुमा यथोचित लगानी गर्दै आएको जानकारी गराउन चाहन्छौं।

गत आ.व.को ९१ दिने ट्रेजरी बिलको भारित औषत व्याजदर २.४४% रहेकोमा यस आर्थिक बर्षमा सो मा बृद्धि भै ४.२१% तथा एक बर्षे ट्रेजरी बिलको बार्षिक औषत व्याजदर गत आ.व.को ३.५०% वाट बृद्धि भै ५.४९% रहन पुग्यो। बैंकले समय सापेक्ष गर्ने व्यवस्थित लगानीका कारण यसमा उचित प्रतिफल आर्जन गरेको जानकारी गराउन चाहन्छौं।

यसै गरी बिदेशी निक्षेपको आधारभुत अंशको केहि भाग अन्तर्राष्ट्रिय सुरक्षित उपकरणहरुमा समेत लगानी गरिएको छ।

## स्थिर सम्पत्ति खरिद

समिक्षा अवधिमा बैंकको कर्पोरेट कार्यालय प्रयोजनको लागि काठमाण्डौंको लाजिम्पाट स्थित ३४ आना जग्गा र ८ तले निर्माणाधिन भवन रु. २१ करोड २५ लाखमा खरिद गरिएको छ। सो भवनको फिनिसिङ्ग कार्य अन्तिम चरणमा रहेको र बैंकको कर्पोरेट कार्यालय पुतलीसडकबाट लाजिम्पाटमा २०६६ बैशाख महिनामा सर्ने लक्ष्य लिईएकोछ। साथै, समिक्षा बर्षमा बैंकले जोमसोममा शाखा कार्यालय रहेको भवन रु. ८४ लाखमा खरिद गरेको छ।

साथै बैंकको शाखा कार्यालयको लागि बाग्लुङ्ग तथा दमौलीमा बैंकको स्वामित्वमा रहेका जग्गाहरुमा भवन निर्माणको कार्य भईरहेको तथा उक्त भवनहरु चालु आर्थिक बर्षको अन्तसम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ। यसै गरी गत वर्ष नै खरीद गरिएको पोखरा, चिप्लेढुंगामा रहेको जग्गामा समेत निकट भविष्यमा नै भवन निर्माण कार्य शुरु गर्ने लक्ष्य राखिएको छ।

बैंकले चालु आर्थिक बर्षमा सिद्धार्थनगरको भैरहवामा शाखा कार्यालयको लागि १ कट्ठा सवा दश धुर जग्गा रु. ४८ लाख ७७ हजारमा खरिद गरेको छ। आगामी बर्ष भैरहवामा पनि शाखा कार्यालयको लागि भवन निर्माण थालनी गर्ने बैंकको सोंच रहेको छ। बैंकको आफ्नै भवन निर्माण हुँदा बैंकको छवी अझ राम्रो हुने र स्थानीय ग्राहकहरुको बिश्बास प्रगाढ हुने हामीले अनुभव गरेको छौं।

## शाखा विस्तार

समिक्षा अवधिमा बैंकले धनकुटा, वालिंग, बेनी, आँबु खैरेनी, र दुलेगौडा गरि ५ वटा नयाँ शाखाहरु संचालनमा ल्याएको छ भने काठमाण्डौको वालुवाटार बिस्तारित (Extention) काउण्टरलाई पनि शाखामा परिणत गर्ने काम सम्पन्न भएको छ। शाखा बृद्धि गरि आफ्नो संजाल बढाउने बैंकको नीति बमोजिम बुटवल, नारायणघाट, लेकसाईड पोखरा, ईलाम, बाग्लुङ्ग, गजुरी र बिराटनगरमा गरि जम्मा ७ वटा नयाँ शाखा चालु आर्थिक बर्षमा खोल्ने तयारी भै रहेकोमा हाल सम्म ईलाम, बुटवल, नारायणगढ र लेक साईड पोखरामा शाखा संचालनमा आई सकेको छ।

शाखा बिस्तार सँगसँगै बैंकले ATM सेवामा पनि बिस्तार गर्ने गरेको छ। समिक्षा अवधि सम्ममा बैंकले १२ स्थानमा ATM जडान गरि संचालनमा ल्याएको थियो भने चालु आर्थिक बर्षमा थप १० वटा ATM जडान गर्ने बैंकको लक्ष्य रहेकोमा हाल सम्म दमौली, पोखराको लेकसाईड, बुटवल, र नारायणगढमा गरी ४ वटा ATM संचालनमा आईसकेको छ।

बैंकको शाखा बिस्तार तथा ATM network थप गर्ने नीतिलाई चालु आर्थिक बर्षमा पनि निरन्तरता दिईनेछ।

## बिप्रेषण सेवा

बिदेशमा कार्यरत नेपालीहरुको संख्यामा बृद्धि भईरहेकोले नेपाल तर्फ आउने बिप्रेषण रकम बढ्दो छ। समिक्षा अवधिमा बिदेशमा काम गर्ने नेपालीहरुले पठाएको बिप्रेषण रकम उल्लेख्य ४२.५ प्रतिशतले बृद्धि भई रु. १४२.६८ अर्व पुगेको छ। जस मध्ये यस बैंक मार्फत करीव रु. १.९४ अर्ब (१.३६%) बिप्रेषण भित्रिएको छ। एकातिर बिप्रेषणले देशको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेकोछ भने अर्कोतिर यो बैंकहरुका लागि लाभदायक रही आएको छ।

यसै परिप्रेक्ष्यमा बिप्रेषणको बढि भन्दा बढि अंश हाम्रो बैंक मार्फत नेपाल भित्र्याउन हामीले हाम्रो अन्तर्राष्ट्रिय संजाललाई बिस्तार गर्ने नीतिलाई प्राथमिकता दिएका छौ। समिक्षा अवधिमा हामीले थप ६ वटा रेमिटेन्स कम्पनीहरुसंग एजेन्सी सम्बन्ध स्थापना गरेकाछौं। हाल बैंकको १३ वटा रेमिटेन्स कम्पनीहरु र ६ वटा अन्तरराष्ट्रिय बैंकहरुसंग एजेन्सी सम्बन्ध स्थापना भैसकेको छ। बैंकको सबै शाखाहरुबाट बिप्रेषण रकम भुक्तानीको ब्यवस्था रहेको छ। बैंकको शाखा संजाल बढ्दै जाँदा बैंकको बिप्रेषण कारोबारमा पनि बिस्तार आईरहेकोछ। गत वर्षको तुलनामा यस बैंकको बिप्रेषण कारोबारमा ४२.७% ले बृद्धि भएको छ।

## प्रविधि

बैंकको सेवाको गुणस्तर बढाउन र आफ्ना ग्राहकहरुलाई value added banking products and services दिन प्रबिधिको महत्वपूर्ण भूमिका रहने भएकोले बैंकले आफ्नो प्रबिधिलाई स्तरबृद्धि गर्ने तथा समयानुकूल थप परिमार्जन गर्ने कामलाई निरन्तर जारी राखेको छ । प्रविधिमा भएको उल्लेखनिय प्रगति तथा परिवर्तनलाई बैंकले पनि आत्मसात गर्दै जानुपर्ने भएकोले समिक्षा अवधिमा बैंकले प्रयोग गरिरहेको GLOBUS Banking Software लाई T24 version मा स्तरबृद्धि (upgrade) गरिएको र उक्त स्तरबृद्धि पश्चात बैंकको Software को कार्यकुशलतामा थप बृद्धि भएको छ ।

बैंकमा प्रयोग भैरहेका software को कार्यकुशलता (efficiency) बढाउन कम्प्यूटर हार्डवेयरहरु पनि समयानुकूल थप गर्ने गरिएको छ । बैंकको बढ्दो शाखा संजाल र कारोबारलाई धान्नको लागि गत बर्ष नै दुईवटा high-end server खरिद गरी install भैसकेको थियो । त्यसैगरि बैंकको ATM प्रयोगकर्ता ग्राहकहरुको संतुष्टि बढाउनको लागि चालू आर्थिक बर्षमा आफ्नै Switching System Equipment राख्ने निर्णय गरि खरिद संझौता समेत भैसकेकोछ । बैंकको आफ्नै Switching System भएपछि ATM को reliability र efficiency बढ्नुका साथै VISA Electorn Card जारी गर्न पनि सजिलो हुनेछ ।

## मानव संशाधन

बैंकले आफ्ना कर्मचारीहरुको योगदानको उच्च कदर गर्दै समय अनुसार प्रतिष्पर्धी बैकिङ्ग सेवा प्रदान गर्न उनीहरुको बृत्ति तथा शीप बिकासको आबश्यक्तालाई राम्रोसंग बुझेको छ । यसको लागि बैंकले नियमितरुपमा समय सापेक्ष आन्तरिक तालिम संचालनका साथै बाह्य निकायद्धारा संचालित उपयुक्त तालिममा सहभागिता बढाएको छ । समिक्षा अवधिमा बैंकका १९० जना कर्मचारीहरुलाई नियमित तालिम, दक्षता अभिबृद्धि कार्यक्रम तथा कार्यशाला गोष्ठिमा सहभागि गराईएको छ ।

आगामी दिनमा पनि कर्मचारीहरुलाई स्वदेश तथा बिदेशमा आयोजना हुने बिभिन्न तालिम तथा गोष्ठिहरुमा सहभागी गराउने र उनीहरुको शीप र क्षमता अभिबृद्धि गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

समिक्षा अवधिको अन्त्य सम्ममा यस बैंकमा अधिकृत स्तरका ५९ तथा सहायक स्तरका २५४ कर्मचारी रहेका छन ।

## नयाँ सेवाहरू

हाम्रा आदरणीय ग्राहकहरुको आवश्यकता र अपेक्षा अनुरुप नयाँ बैंकिंग सेवाहरु उपलब्ध गराउन हामी सधै जागरुक छौं । यसका लागि हामीले हाम्रा कार्यविधिहरु, संरचना र रणनीतिहरुलाई हाम्रा ग्राहकहरुको चाहना र बजारको अवस्था अनुकूल बनाउन निरन्तर प्रयास गरिरहेका छौं ।

हामीले हाम्रा आदरणीय ग्राहकहरुलाई उपलब्ध गराई आएको Any Where Banking, SMS Banking, Internet Banking, Evening Banking, 365 days Banking, Mobile Bill Payment, Telephone Bill Payment, SCT ATM Card आदि सेवाहरुको क्षेत्र, गुणस्तर र प्रभावकारितालाई अझ बढाईएको छ ।

चालु आर्थिक बर्षमा हामीले हाम्रा आदरणीय ग्राहकहरुलाई स्वदेश तथा बिदेश सबै तिर चल्ने VISA Electron Card जारी गर्न लागेका छौं । साथै, चाँडै नै थप नयाँ बचत योजना र कर्जा योजना ग्राहक सामु ल्याउने कार्यक्रम रहेको छ ।

बैंकले आफ्ना Products and Services लाई समय सापेक्ष रुपमा परिमार्जन गर्दै लाने र नयाँ सेवाहरु पनि थप्दै गई बजार बिस्तार गर्ने रणनीति लिएको छ ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट बैंकको कारोबारलाई परेको असर

देशमा भएको राजनीतिक परिवर्तन संगै सामाजिक सद्भाव र औद्योगिक शान्ति कायम भई आर्थिक गतिबिधिमा सकारात्मक परिवर्तनहरु आउने आशा गरिएकोमा राजनैतिक खिचातानीका बीच प्रादेशिक गुटबन्दी, बन्द हड्तालका पुरानै शैली र औद्योगिक अशान्ति कायमै रहेकोले देशको अर्थतन्त्रमा खासै कुनै सुधार आउन सकेन ।

संविधान सभाको निर्वाचनको घोषणा र सो निर्वाचन समयमा हुन नसकी अर्को मिति घोषणा हुनु, तराईमा देखा परेको असहज परिस्थिति आदि बिभिन्न कारणहरुले मुलुकको अर्थ व्यवस्थालाई प्रभावित बनाई रह्यो । यस्तो असहज परिस्थितिमा पनि ५ वटा नयाँ वाणिज्य बैंकहरु, २० वटा विकास बैंकहरु र ४ वटा वित्तीय संस्थाहरु खुले । अर्थतन्त्रको आकार बढ्न नसके पनि प्रतिष्पर्धी बैंक तथा वित्तीय संस्थाहरुको संख्या भने बढ्यो ।

राष्ट्रिय परिस्थिति मात्र प्रतिकूल होईन, अन्तर्राष्ट्रिय परिस्थिति समेत अनुकूल भएन । अन्तर्राष्ट्रिय बजारमा तेल, खाद्यान्न र फलामजन्य बस्तुहरुको मूल्य बृद्धिले हलचल उत्पन्न गर्‍यो ।

यी धेरै प्रतिकूलताहरुको बाबजूद पनि बैंकले आफ्नो कारोबारमा बृद्धि गर्न सकेको छ। यो हामी सबैको लागि सुखद विषय हो भन्ने लाग्दछ।

मुलुकमा राजनैतिक स्थिरता, शान्ति र औद्योगिक सुरक्षा कायम भई शान्ति प्रकृयाले सहज निकास पाउन सकेको खण्डमा आगामी वर्षहरु बैंकको निमित्त सुनौलो हुने छ।

## संस्थागत सुशासन (Corporate Governance)

बैंकमा संस्थागत सुशासन कायम राख्ने कार्यलाई संचालक समितिले आफ्नो उच्च प्राथमिक कर्तव्यको रुपमा लिई सुशासनका आधारभूत पक्षहरु सूनिश्चित गर्न प्रतिबद्ध रहेको छ। सो सन्दर्भमा संचालक समितिको निर्णय पद्धति र काम कारबाहीहरुलाई प्रचलित ऐन कानून र industry best practices बमोजिम पारदर्शी गरिएको छ। नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नीति निर्देशनहरु बैंकले पूर्ण रुपमा पालना गरिआएको छ। त्यसै गरी लेखापरीक्षण समिति मार्फत बाह्य तथा आन्तरिक लेखा परीक्षकले दिएको सुझाव र सल्लाहहरुलाई समेत संचालक समितिले पूर्ण सजगताका साथ कार्यान्वयन गर्दै आएको छ। देशको आन्तरिक कारणहरु तथा अन्तर्राष्टिय कारणहरुले गर्दा वित्तीय क्षेत्र लगायत देशको अर्थतन्त्रको बिभिन्न क्षेत्रहरुमा श्रृजना हुने अवसर, चुनौती र जोखिमहरुलाई संचालक समितिले सधैं नजिकबाट नियालिरहने गरेको छ र सोही बमोजिम समय समयमा व्यबस्थापनलाई सल्लाह दिने र सजग गराउने समेत गरिआएको छ।

बैंकले बित्तीय बिबरणहरु नेपाल लेखामान (Nepal Accounting Standard) तथा लेखा सम्बन्धी सर्वमान्य सिद्धान्त र नेपाल राष्ट्र बैंकको निर्देशनहरु बमोजिम राखेको छ। लेखा सम्बन्धी ती बिबरणहले बैंकको बित्तीय स्थिति र कारोबारको यथार्थ बिबरण चित्रण गर्दछ।

बैंकको दिगो उन्नतिको लागि संस्थागत सुशासनको राम्रो परिपालना गर्नु अत्यावश्यक छ भन्ने कुरा बैंकको उच्च व्यवस्थापन एवं संचालक समितिले राम्ररी बुझेको छ र बैंकमा संस्थागत सुशासनको उच्चस्तर कायम राख्न संचालक समिति प्रतिबद्ध छ।

## आन्तरिक नियन्त्रण प्रणाली

बैंकको संचालक समितिले स्वीकृत गरेको नियम बिनियम, नेपाल राष्ट्र बैंकले जारी गरेको नीति निर्देशन र देशको कानूनी व्यबस्थाहरु बमोजिम बैंकले आन्तरिक नियन्त्रण प्रणाली अबलम्बन गरेको छ।

बैंकका सम्पूर्ण हरहिसाब कम्प्यूटर माध्यमबाट संचालन गर्ने गरिएको छ। बैंकले अन्तर्राष्टिय मापदण्डको ग्लोबस कम्प्यूटर सफ्टवयर प्रयोग गरिरहेको छ र सो सफ्टवयरको बेलाबेलामा परीक्षण एवं स्तरोन्नति (upgradation) गर्ने गरिएको छ।

बैंकमा सम्पत्ति तथा दायित्व व्यबस्थापन समिति (ALCO) रहेको छ जसले निक्षेप परिचालन नीति, लगानी नीति, कर्जा तथा सापटि सम्बन्धी नीति, ब्याजदर नीति एवं संचालन जोखिम (Operational Risks) सम्बन्धमा नीतिगत व्यवस्थाहरु सहित नियमित रुपमा अनुगमन गर्ने गरेको छ।
बैंकको संचालक स्तरीय लेखापरीक्षण समिति रहेको छ, जसको मातहतमा आन्तरिक लेखापरीक्षण विभाग रहेको छ। आन्तरिक लेखापरीक्षणको कार्यलाई अझ सशक्त बनाउन २०६५ भाद्रमा सो बिभागको बिभागिय प्रमुखमा चार्टर्ड एकाउन्टेन्टलाई नियुक्त गरिएको छ।

कर्जा सम्बन्धी जोखिम व्यबस्थापन गर्न छुट्टै जोखिम व्यबस्थापन बिभाग (Risk Management Department) निकट भबिष्यमा नै गठन गरिनेछ।

साथै, हामीले कारोबार संचालनका सिलसिलामा निर्णय लिंदा सामाजिक र वातावरणीय जोखिमहरुलाई समेत मूल्याङ्कन गरेर मात्र निर्णयहरु लिने गरेका छौं। यसले हामी जहाँ जुन समाज, समुदाय र वातावरणमा रहेर काम गर्छौ तिनीहरुप्रतिको हाम्रो सम्बन्ध, प्रतिबद्धता र उत्तरदायित्व झल्कन्छ।

## संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Resposibility)

बैंकले आफ्नो व्यवसायिक कृयाकलापको साथ साथै आफ्नो शाखा तथा कार्यालय रहेको क्षेत्रको बिकास एवं सामाजिक उत्तरदायित्वलाई समेत ध्यानमा राखी सो प्रति आफ्नो कर्तव्य पालन गर्न तत्पर रहि आएको छ। देशका दक्ष जनशक्तिहरुलाई रोजगारीको अवसर प्रदान गर्नुका साथै समाजको विभिन्न पक्षहरु जस्तै खेलकूद, कला तथा संस्कृति,आदिको बिकास एवं मठ मन्दिर निर्माण तथा जिर्णोद्धार तथा समय समयमा देशमा आई पर्ने दैवी प्रकोपसंग लड्न सहयोग जुटाउन प्रयासरत रही आएको छ। बैंकले गत वर्ष बाढी पिडितलाई नेपाल बैंकर्स संघ मार्फत आर्थिक सहयोग प्रदान गरेको छ। संगीत क्षेत्रको विकास तथा उत्थानका लागि प्रत्येक वर्ष Hits FM ले

आयोजना गर्ने राष्ट्रिय पुरस्कारमा समेत बैंकले सहकार्य गर्दै आईरहेको छ। यसै गरी बैंकले उद्योग वाणिज्य संघ, स्कूल तथा कलेजहरुले आयोजना गरेका विभिन्न कार्यक्रमहरु तथा बिभिन्न जातजातीका पर्वहरुलाई प्रोत्साहन गर्नको लागि आर्थिक सहयोग गर्ने गरेको छ। संस्थागत सामाजिक दायित्व निर्वाह गर्ने तर्फ आगामी दिनहरुमा पनि बैंकले आफ्नो क्षमता अनुसार अझ बढि सशक्त रुपमा कार्यक्रमहरुमा सहभागी हुनेछ।

## गुणस्तर व्यवस्थापन (Quality Management)

बैंक आफ्ना आदरणीय ग्राहक महानुभावहरुलाई उच्च गुणस्तरिय सेवा प्रदान गर्न गुणस्तर व्यवस्थापन प्रति सजग रहि आएको छ। यसै सन्दर्भमा बैंकका सबै शाखाहरुलाई आ.व. २०६२/६३ मा ISO (International Organization for Standardization) बाट Certify गरी राष्ट्र कै पहिलो ISO Certified बैंक भएको थियो। प्रत्येक वर्ष ISO लेखापरिक्षक बाट बैंकको Quality Management System को बृहत रुपमा लेखापरिक्षण हुने गरेकोले पनि बैंकले प्रदान गर्ने सेवा उच्च गुणस्तरको रहेको प्रमाणित भएको छ। साथै यस क्रमलाई भविष्यमा पनि निरन्तरता प्रदान गर्न बैंक व्यवस्थापन कटिबद्ध रहेको छ।

## लेखापरीक्षकको नियुक्ती

बैंकको नवौं साधारण सभाबाट नियुक्त लेखापरीक्षक श्री पि. एल श्रेष्ठ, चार्टर्ड एकाउन्टेन्टले बैंकको हरहिसाबको बिस्तृत रुपमा लेखा परिक्षण गरी समयमै प्रतिबेदन उपलब्ध गराईदिनु भएकोमा संचालक समितिको तर्फबाट  हार्दिक धन्यबाद दिन चाहन्छौ। बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन, २०६३ को दफा ६० (२) को प्रतिबन्धात्मक वाक्याँश अनुसार वहाँलाई पुनः नियुक्त गर्न नमिल्ने भएकोले लेखापरीक्षण समितिले आ.व. २०६५/६६ को लागि लेखापरीक्षकमा नियुक्त गर्नका लागि श्री किशोर बांसकोटा, चार्टर्ड एकाउन्टेण्ट लाई लेखापरीक्षण शुल्क वापत रु. १,००,०००/- (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी सिफारिश गरेकोले सो सिफारिश अनुमोदनको लागि प्रस्ताव गरिएकोछ।

## सूचना व्यवस्था

बैंकले सवै शेयरधनी तथा सरोकारवाला (stake holders) हरुसंगको सूचना आदान प्रदानलाई उच्च प्राथमिकता दिएको छ। यसै सन्दर्भमा बैंकले वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन लगायत अन्य बैंकको प्रगति विवरणहरु तथा बैंकले प्रदान गर्ने विभिन्न सेवाहरुको जानकारी विभिन्न समाचार माध्यम एवं बैंकको वेभसाइट www.machbank.com मार्फत गराउने गरेको छ।

बैंकमा समय समयमा लगानीकर्ताबाट तथा व्यक्तिगत रुपमा आएका विभिन्न जिज्ञासाहरुको उचित निष्कर्ष निकाल्ने उपयुक्त र महत्वपुर्ण थलो वार्षिक साधारण सभा भएकोले सवै शेयरधनी महानुभावहरुलाई सभामा सहभागी भई बैंकको प्रगतिका बारेमा छलफल गर्न प्रोत्साहित गरेका छौं।

## धन्यवाद ज्ञापन

हाम्रो प्रथम कर्तब्य बैंकको बिकास तथा लगानीलाई सुनिश्चितता प्रदान गरी निक्षेपकर्ताको निक्षेप तथा लगानीकर्ताको लगानीको सुरक्षा गर्नु हो। हाम्रा शेयरधनीहरुबाट प्राप्त निरन्तर सहयोग, समर्थन र प्रेरणाले हामीलाई लक्ष्य प्राप्तिमा टेवा पुग्ने बिश्वास लिएका छौं।

बैंकलाई आजको अवस्थासम्म डोऱ्याउन हामीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग, सद्भाव, अमूल्य सुझाव तथा मार्गदर्शन गर्नु हुने सबै शेयरधनीहरु महानुभावहरु, नियमनकारी निकायहरु, आदरणीय ग्राहकवर्ग तथा समस्त सरोकारवालाहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। साथै बैंकलाई यस उचाईमा पुऱ्याउन सहयोग गर्ने व्यवस्थापन तथा कर्मचारीहरुलाई समेत धन्यवाद ज्ञापन गर्दछौं।

धन्यवाद।

संचालक समितिको तर्फबाट,
**सूर्य बहादुर के.सी.**
अध्यक्ष

# कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको थप जानकारी

## १. प्रतिवेदन तयार भएको मिति सम्म चालु आर्थिक बर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा संचालक समितिको धारणा

यस आर्थिक बर्षको पहिलो ५ महिना सम्म बैंकको कारोवार स्थिति निम्न बमोजिम भएको अवगत गराउँदछु ।

(रकम रु. करोडमा)

| सि.नं. | शीर्षक | ३०/०८/२०६५ (१५.१२.२००८) |
|---|---|---|
| १. | निक्षेप तथा सापटी | १,२१९.७४ |
| २. | लगानी | २०७.८४ |
| ३. | कर्जा तथा सापटी | १,०२१.६२ |
| ४. | संचालन मुनाफा | १५.५७ |
| | | |

बैंकको उन्नतिको लागि भविष्यमा गर्नु पर्ने कामको सम्वन्धमा सञ्चालक समितिको सोंचको संक्षिप्त बिबरण निम्नानुसार रहेको छ :

- बैंकको ग्राहकसम्मको पहुँच बढाउन शाखा सञ्जाल एवं ATM network विस्तार गर्ने क्रम जारी राख्ने ।
- विप्रेषण सेवालाई प्रभावकारी बनाउन थप रेमिट्यान्स एजेन्सीहरुसंग सहकार्य बढाउदै लैजाने ।
- बैंकको कारोबारमा हुने बृद्धिलाई थेग्न आवश्यक पूँजीकोष पुऱ्याउन डिवेन्चर जारी गर्ने ।
- बैंकको निक्षेप संरचनामा बचत निक्षेपको अनुपात बढाउने ।
- कर्जा तथा लगानीको गुणस्तर नघटाई कर्जा लगानी रकम बढाउने ।
- कर्जाको नयाँ योजना लागू गर्ने ।
- आफ्नै स्वीच राख्ने र Visa Electron Debit Card जारी गर्ने ।
- नयाँ बचत निक्षेप योजनाहरु लागू गर्ने ।
- परिवर्तित संस्थागत स्वरुपलाई प्रभावकारी रुपले लागू गर्ने ।
- वासेल टू पूर्णरुपमा लागू गर्ने ।
- बैंकको कर्पोरेट कार्यालय काठमाण्डौंको लाजिम्पाटमा खरिद गरेको आफ्नै भवनमा सर्ने ।
- तनहुँको दमौलिबजार तथा बागलुङ्गको बागलुङ्ग बजारमा बैंकको शाखाको लागि भवन निर्माण कार्य सम्पन्न गर्ने ।
- आगामी वर्ष पोखराको चिप्लेढुंङ्गा तथा भैरहवामा खरीद गरिएको जग्गामा भवन निर्माण गर्ने ।

## २. बैंकको औद्योगिक तथा ब्यबसायीक सम्बन्ध

समिक्षा अवधिमा बैंकले आफ्ना ग्राहक, कर्मचारी, नियमनकर्ता तथा सबै लाभग्राहीहरु संग असल ब्यबसायीक सम्बन्ध कायम राखेको छ ।

बैक नेपाल बैंकर्स एसोशियसन, नेपाल उद्योग बाणिज्य महासंध, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर्स अफ कमर्स, पोखरा उद्योग बाणिज्य महासंघको सदस्य रहेको छ ।

बैंकको औद्योगिक, व्यवसायिक एवं सामाजिक सम्बन्धहरु बिस्तार भैरहेको छ र यसलाई आफ्नो हित प्रवर्द्धन र कारोबार बिस्तारको लागि समेत उपयोग गरिनेछ ।

साथै गत वर्ष सम्म बैंकको अन्तर्राष्ट्रिय बैंकिंग सम्बन्ध Amex- Frankfurt (Euro), Amex- Newyork (USD), Amex-India (INR), ICICI Bank-Mumbai (INR), Central Bank of India (INR), Mashreq Bank-Dubai (USD), Amex-Tokyo (JPY), SCB- Newyork (USD), SCB-Frankfurt (EURO), SCB-London (GBP), SCB-Calcutta (INR) तथा Australia & Newzeland Bank (ANZ) हरु संग रहेकोमा समिक्षा अवधिमा Western Union Bank तथा JP Morgan Bank जस्ता ख्यातिप्राप्त अन्तर्राष्ट्रिय बैंकहरु संग समेत बैंकको सम्बन्ध विस्तार भएको छ ।

## ३. संचालक समितिमा भएको हेरफेर र सो को कारण

समिक्षा अवधिमा नवौं बार्षिक साधारण सभावाट सर्वसाधारण शेयरधनीहरुको तर्फवाट श्री प्राणेश्वर पोखरेल र श्री नरेश बहादुर मल्ल आगामी ४ बर्षका लागि नियुक्त हुनु भएको छ । यसको अलावा संचालक समितिको मिति २०६४ मंसिर ५ गतेको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको बिशेषज्ञहरुको सूचीबाट श्री किशोर कुमार शाहज्यूलाई बिशेषज्ञ संचालकको रुपमा नियुक्त गरिएको छ ।

संस्थापकको तर्फवाट सचालक पदमा रहनु भएकी श्रीमती प्रेम कुमारी के.सी. तथा सर्वसाधारणको तर्फवाट संचालक पदमा रहनु भएका श्री प्रकाश बहादुर श्रेष्ठले आफ्नो कार्य व्यस्तताको कारण देखाई संचालक पदवाट राजीनामा दिनु भएको छ ।

समिक्षा अवधिमा संचालक समितिको १८ वटा वैठक बसेको थियो ।

## ४. कारोवारलाई असर पार्ने मुख्य कुराहरू

बैंकको कारोवारलाई असर पार्ने मूख्य कुराहरु निम्न बमोजिम रहेका छन्:

(क) देशको परिवर्तित राजनैतिक परिवेशको कारणले आर्थिक सामाजिक क्षेत्रमा पर्न सक्ने असरहरु ।

(ख) बैकिङ्ग नीति नियममा समय समयमा हुने परिवर्तनको कारणवाट श्रृजना हुने संभावित जोखिमहरु ।

(ग) पूँजी बजार तथा घरजग्गाको मूल्यमा आउन सक्ने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

(घ) वित्तीय सेवा प्रदायकहरुको संख्यामा हुने बृद्धिबाट श्रृजित प्रतिस्पर्धात्मक वातावरणबाट सृजना हुने सम्भावित जोखिमहरु ।

(ङ) निक्षेप संकलन, लगानी, तथा कर्जा सापटीको दायरा सांघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरु ।

(च) गैह्रकोषमा आधारित सेवाहरु प्रदान गर्दा हुनसक्ने संभावित जोखिमहरु ।

## ५. लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया

बैकको सामान्य कारोबारको सिलसिलामा देखिएका सामान्य टिप्पणी बाहेक खास प्रतिकूल टिप्पणी लेखापरीक्षण प्रतिवेदनमा छैन । लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई कार्यान्वयन गर्न व्यबस्थापनलाई निर्देशन दिई सकिएको छ ।

## ६. लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम

बैंकको संचालक समितिको मिति २०६५ मंसिर २ मा बसेको बैठकको निर्णय बमोजिम यस पटक आर्थिक वर्ष २०६४/६५ सम्मको अवितरित मुनाफा वाट बैंकको हालको चुक्ता पूँजीमा १२.५० प्रतिशत वोनस शेयर र करीब ०.६६ प्रतिशत नगद लाभाँश वितरण गर्ने प्रस्ताव यस साधारण सभा समक्ष निर्णयार्थ प्रस्तुत गरिएको छ ।

प्रस्तावित वोनस शेयर तथा नगद लाभाँश वितरण गर्न आवश्यक स्वीकृति नेपाल राष्ट्र बैंकको मिति २०६५/०८/०६ को पत्रबाट प्राप्त भैसकेको छ ।

## ७. जफत गरिएको शेयर संख्या

समीक्षा अवधिमा बैंकले कुनै शेयर जफत गरेको छैन ।

## ८. बैंक र यसको सहायक कम्पनीको कारोवारको प्रगति:

बैंकको कुनै सहायक कम्पनी नरहेको ।

## ९. बैंकको आधारभूत शेयरधनीहरुले बैंकलाई उपलव्ध गराएको जानकारी:

आधारभुत शेयरधनीहरुले समिक्षा अवधिमा बैंकलाई कुनै व्यहोरा जानकारी गराएको छैन ।

## १०. विगत आर्थिक बर्षमा बैंकका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र बैंकको शेयर कारोवारमा निजहरू संलग्न भएको भए सो सम्बन्धमा निजहरुवाट बैंकले प्राप्त गरेको जानकारी

यस बैंकको संचालक तथा पदाधिकारीको शेयरमा रहेको स्वामित्वको विवरणमा ५:३ को अनुपातमा हकप्रद शेयर निष्काशनबाट शेयर संख्या वृद्धि भएको छ । यस बाहेक बैंकको संचालक तथा पदाधिकारीहरु समिक्षा अवधिमा बैंकको शेयर कारोवारमा संलग्न भएको कुनै विवरण प्राप्त भएको छैन ।

## ११. बैंकसंग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ सम्बन्धी जानकारी:

बैंकको कुनै सम्फौताहरुमा संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ नभएकोले बैंकलाई त्यस्तो जानकारी उपलव्ध गराएको छैन ।

## १२. बैंकले आफ्नो शेयर आफैंले खरिद गरेको बिबरण

हालसम्म यस बैंकले आफ्नो शेयर आफैंले खरिद गरेको छैन ।

## १३. कूल व्यवस्थापन खर्चको विवरण

आर्थिक बर्ष २०६४/६५ मा यस बैंकको कूल व्यवस्थापन खर्च देहाय वमोजिम रहेको जानकारी गराउदछौं ।

(रकम रु. करोडमा)

| क्र.सं. | व्यवस्थापन खर्चको विवरण | रकम |
|---|---|---|
| १. | कर्मचारी खर्च | ७.१४ |
| २. | कार्यालय सञ्चालन खर्च | १२.४४ |
| ३. | कुल व्यवस्थापन खर्च | १९.५८ |

## १४. लेखापरिक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण

बैंकको लेखापरीक्षण समिति मिति २०६५/०१/१० मा निम्न बमोजिम पुर्नगठन भएको छ ।

(१) श्री प्राणेश्वर पोखरेल, संचालक - संयोजक
(२) श्री नरेश बहादुर मल्ल, संचालक - सदस्य
(३) श्री किशोर कुमार शाह, संचालक - सदस्य

समीक्षा अवधिमा लेखापरीक्षण समितिमा संचालक श्री नरेश बहादुर मल्ल र श्री किशोर कुमार शाह नियुक्त हुनु भई सञ्चालक श्री आजाद श्रेष्ठज्यूले अवकाश लिनु भएको छ । संचालक श्री आजाद श्रेष्ठज्यूले लेखापरीक्षण समितिमा रही बैंकलाई पुऱ्याउनु भएको योगदानको लागि संचालक समितिले धन्यबाद ज्ञापन गरेको छ ।

लेखापरीक्षण समितिले आफ्नो मातहतमा रहेको आन्तरिक लेखापरीक्षण विभाग मार्फत बैंकको सबै शाखा तथा विभागहरुको लेखापरीक्षण गर्ने गरेको छ । लेखापरीक्षण समितिले बैंकको आन्तरिक लेखापरीक्षणको सिलसिलामा देखिएको कैफियतहरुको बिश्लेषण गरि आन्तरिक नियन्त्रण र त्यसको प्रभावकारिता बारे समिक्षा गर्ने र आबश्यक सुधारको लागि समय समयमा ब्यबस्थापनलाई सुझाव एवं निर्देशन समेत दिने गरेको छ ।

साथै, लेखापरीक्षण समितिले बैंकको बाह्य लेखापरीक्षकले औल्याएका कैफियतहरु एवं नेपाल राष्ट्र बैंकको नीरिक्षण पश्चात दिएका निर्देशनहरुको अध्ययन एवं जवाफ दिने लगायतका नियमित काम कारवाहीहरु समेत गर्दै आएको छ ।

समिक्षा अवधिमा लेखापरिक्षण समितिको जम्मा ८ वटा बैठक बसेको छ । लेखापरीक्षण समितिका सदस्यहरुलाई बैंठक भत्ता बापत रु.४,०००/- र बैठकमा उपस्थित हुंदा नियमानुसार पाउने यातायात खर्च तथा दैनिक भत्ता बाहेक अन्य कुनै अतिरिक्त पारिश्रमिक प्रदान गरिएको छैन ।

## १५. सञ्चालक, कार्यकारी प्रमुख, बैंकका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले बैंकलाई कुनै रकम बुझाउन बांकी भए सो कुरा

यस बैंकका सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, बैंकका आधारभुत शेयरधनीहरु तथा निजहरुका नजिकका नातेदार वा निजहरु संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले बैंकलाई कुनै रकम बुझाउन बांकी रहेको छैन ।

## १६. सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

संचालकहरुलाई पारिश्रमिकको व्यवस्था गरिएको छैन । संचालक समितिको बैठकमा भाग लिए वापत प्रति वैठक अध्यक्षलाई रु. ५,०००/- र संचालकलाई रु. ४,०००/- भत्ता उपलव्ध गराइएको छ । यस वाहेक प्रति महिना मोवाइल फोन सोधभर्ना बापत रु. ५,०००/- उपलव्ध गराउने ब्यबस्था रहेकोछ ।

प्रमुख कार्यकारी अधिकृत तथा मुख्य पदाधिकारीहरुको पारिश्रमिक, भत्ता तथा सुविधा निम्न बमोजिम रहेको छ ।

| सि.नं. | पद | उपलव्ध गराईएको पारिश्रमिक, भत्ता तथा सुविधा |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | रु. ५९,१२,८००/- |
| २. | कम्पनी सचिव | रु. ५,८१,१२०/- |
| ३. | नायव महाप्रवन्धक तथा प्रवन्धकहरु | रु ५९,२५,५३५/- |

प्रमुख कार्यकारी अधिकृत लगायत सबै कर्मचारीहरुलाई बोनस ऐन बमोजिम बोनस प्रदान गर्ने गरिएको छ ।

बैंकको स्वीकृत नियमानुसार कर्मचारीहरुलाई उपलब्ध गराईएको सवारी साधनको बिमा प्रिमियम र कर्मचारीको दुर्घटना तथा औषधोपचार खर्चको बिमा प्रिमियम बैंकले ब्यहोर्दै आएको छ ।

## १७. शेयरधनीहरुले बुझिलिन बांकी रहेको लाभांशको रकम

छैन ।

## १८. कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्रि गरेको कुराको विवरण

१. बैंकलाई आवश्यक पर्ने आफ्नो सम्पत्तीहरुको (घर, जग्गा, परिवहन, कार्यालय सामान, पूँजीगत निर्माण, लिजहोल्ड सम्पत्ती) खरिद तथा बिक्रिको विवरण संलग्न वासलातको अनुसूची १४ वमोजिम छ ।

२. सम्पत्ती खरिद तथा बिक्रि गर्दा प्रचलित बजार मूल्यको आधारमा गरिएको छ । सम्पत्ती बिक्रि बाट भएको आम्दानीलाई संलग्न वासलातको अनुसूची २६ मा उल्लेख गरिएको छ ।

## १९. कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरू

**(क) जनशक्ति व्यबस्थापन बारे**

२०६५ असार मसान्तमा बैंकमा कार्यरत कर्मचारीको संख्या ३१३ रहेको छ । समिक्षा अवधिमा बैंक व्यबस्थापन र कर्मचारी बिचको सम्बन्ध सुमधुर रहँदा रहदै पनि सो अवधिमा नयाँ नयाँ बैंक तथा वित्तिय संस्थाहरु खुलेका र भैरहेका बैंकहरुको पनि शाखाहरु बिस्तार भएकोले बैंकका ३४ जना कर्मचारीहरु सेवाबाट अलग भएका छन् । मध्यम तथा उच्च व्यबस्थापन तहका दक्ष, लगनशील तथा ईमान्दार कर्मचारीहरुलाई बढि सुबिधा प्रदान गर्ने गरि बैंकिङ्ग बजारमा माग बढ्दै गएकोले त्यस्ता कर्मचारीहरुलाई बजारको यस्तो प्रबृत्तिबाट बिचलन आई अन्यत्र जाने क्रमलाई रोक्न कर्मचारीहरुको बृत्ति बिकास, उत्प्रेरणा र आर्थिक लाभको सम्बन्धमा बैंकले समयमा नै निर्णय लिनु पर्ने हुनाले सो सम्बन्धी सम्पूर्ण कामकुराहरु गर्न संचालक समितिले मिति २०६५/०७/०५ मा निम्न सदस्य रहेको जनशक्ति व्यबस्थापन समिति गठन गरिएको छ ।

| क्र.सं. | समितिका सदस्यहरु | |
|---|---|---|
| १. | श्री किशोर कुमार शाह, संचालक | संयोजक |
| २. | श्री प्रकाश के.सी., संचालक | सदस्य |
| ३. | श्रीमती गीता श्रेष्ठ, संचालक | सदस्य |
| ४. | श्री नरेश बहादुर मल्ल, संचालक | सदस्य |
| ५. | श्री भाईकाजी श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत | सदस्य सचिव |
| | | |

संचालक समितिले बिगतमा गठन गरेको पदपूर्ति समितिमा रहि बैंकलाई आवश्यक दक्ष जनशक्तिको आपुर्ति तथा छनौट कार्यलाई प्रभावकारी एवं व्यवस्थित बनाई दिनु भएकोमा संचालक समितिले अध्यक्ष श्री सूर्य बहादुर के.सी., संचालक श्रीमती गीता श्रेष्ठ एवं प्रमुख कार्यकारी अधिकृत श्री भाईकाजी श्रेष्ठलाई धन्यवाद ज्ञापन गरेकोछ । समीक्षा अवधिमा पदपूर्ति समितिको २ वटा बैठक बसेको थियो ।

मानव श्रोत बिना बैंक चल्न नसक्ने तथ्यलाई मनन गरि बैंकमा कार्यरत कर्मचारीहरुलाई निरन्तर काम प्रति उत्प्रेरित राख्न उनीहरुको बृत्ति बिकास, तालिम, काम गर्ने असल वातावरण तथा आर्थिक हितलाई उच्च प्रथमिकता दिने बैंकको नीतिलाई निरन्तर कायम राखिनेछ ।

**(ख) कर्जा समिति**

बैंकको कर्जा प्रबाह तथा लगानीमा नियन्त्रण तथा प्रभावकारीताका लागि संचालक समितिले बैंकको व्यवस्थापनमा प्रत्यक्ष रुपमा संलग्न नरहेको संचालक श्री आजाद श्रेष्ठको संयोजकत्वमा संचालक श्री प्रकाश के.सी, प्रमुख कार्यकारी अधिकृत, नायब महाप्रवन्धक तथा कर्जा प्रवन्धक सदस्य रहेको कर्जा समिति गठन गरेको छ । संचालक समितिले दिएको अधिकार भित्र रहि उक्त समितिले मुख्यतः बैंकको कर्जा तथा सापटी सम्बन्धी रणनीति तथा योजनाहरु कार्यान्बयन गर्न संचालक समितिलाई सुझाव/सल्लाह दिने, प्रमुख कार्यकारी अधिकृतको अख्तियारी भन्दा माथिको कर्जाहरु स्विकृत गर्ने, व्यवस्थापनको अधिकार क्षेत्र भन्दा बाहिरका विषयहरुमा निर्णय गर्ने तथा निर्णय गर्न संचालक समितिलाई सघाउने काम गरिरहेको छ । समिक्षा अवधिमा यस कर्जा समितिको १४ वटा बैठक बसेको थियो ।

**(ग) संस्थागत स्वरुप** (Oraganization Structure)

बैंकको स्थापनाकालमा निर्धारण गरिएको बिद्यमान संस्थागत स्वरुपमा (Organization Structure) बैंकको शाखाहरुको संख्या र कारोबारको परिमाणमा भएको बिस्तार एवं बदलिएको बैंकिङ्ग परिदृष्य बमोजिम केही परिमार्जन गर्न आवश्यक हुन आएको महसुस गरी संचालक समितिले बैंकको संस्थागत स्वरुप (Organization Structure) मा परिमार्जन सहित केही परिवर्तन गरिएको छ । यस्तो परिवर्तन गर्दा बैंकको शाखाहरुको संख्यामा हुने बृद्दि, नियमनकारी निकायको निर्देशन एवं बैंकिङ्ग क्षेत्रमा हाल कायम रहेको प्रचलनलाई मनन गरिएको छ र बैंकको ग्राहकवर्गले छिटो तथा छरितो सेवा पाउन सकुन् भन्ने हेतुले काम गर्ने प्रकृयाहरु (workflow) मा समेत केही समायोजनहरु गरिएको छ । परिवर्तित संस्थागत स्वरुप अन्तर्गत काम गर्ने कर्मचारीहरुमा अधिकार र उत्तरदायित्व अझ बढि स्पष्ट हुने भएकोले बैंकको समग्र कार्यकुशलतामा बृद्धि भएको छ ।

HLB P. L. Shrestha & Co.
Chartered Accountants

## माछापुच्छ्रे बैंक लिमिटेडका
## शेयरधनी महानुभावहरू समक्ष लेखापरीक्षकको प्रतिवेदन

१. हामीले माछापुच्छ्रे बैंक लिमिटेडको यसै साथ संलग्न २०६५/३/३१ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परीवर्तन र लेखा सम्वन्धी टिप्पणीहरुको लेखा परीक्षण सम्पन्न गरेका छौं। वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ। व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो।

२. हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। वित्तीय विवरण सारभुत रुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ। वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परिक्षण समेत लेखापरीक्षणमा समावेस हुन्छ। बैंकले अवलम्वन गरेको लेखा सिद्धान्त व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरिक्षणमा समावेश हुन्छ। लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

३. उपरोक्त आधारमा लेखापरीक्षण गर्दा प्रमुख रुपमा देहाएको कुरा देखिएको छ।

क) लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ उपलब्ध भएका छन्।

ख) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कम्पनीले ब्याज आम्दानी हिसाव नगद प्राप्तीको आधारमा लेखाङ्कन गरेको छ जुन नेपाल लेखामान अनुरुप छैन। सो बाहेक कम्पनीले आफ्नो कारोवारको यथार्थ स्थिति स्पस्ट हुने गरी लेखा राखेको छ।

ग) संलग्न वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा र तरीका अनुसार तयार गरिएको छ र उक्त विवरण कम्पनीले राखेको हिसावकिताव, वहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेकाछन्।

घ) हाम्रो रायमा र हामीले जाने वुझेसम्म तथा हामीलाई प्राप्त सूचना तथा स्पष्टीकरण र हामीले लेखापरीक्षण गरेको आधारमा बैंकको संचालक समितिका वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलीत कानून विपरित लेखा सम्वन्धि कुनै कामकाज वा अनियमीत कार्य गरेको वा बैंकको सम्पत्ती हिनामिना गरेको वा बैंकको हानी नोक्सानी गरे गराएको छैन।

ङ) हामीले लेखापरीक्षण गरेको श्रेष्ताहरुको आधारमा बैंकको कारोवार सन्तोषप्रद रुपमा संचालन भएको छ।

च) बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन वमोजीम पूँजीकोष तथा जोखीम वेहोर्ने कोष पर्याप्त मात्रामा व्यवस्था गरेको छ।

छ) बैंकले यस वर्ष कर्जा अपलेखन गरेको छैन।

ज) बैंकले नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरेको छ।

झ) बैंकको कार्य निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हित संरक्षण बिरुद्ध भएको देखीएन।

ञ) बैंकको शाखाहरुवाट प्राप्त भएको विवरण लेखापरीक्षणको लागी पर्याप्त छन्।

ट) बैंकमा लेखा सम्वन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन।

४. माथिको अनुच्छेद ३ को दफा (ख) मा उल्लेख भएको व्यहोराले वित्तिय विवरणहरुमा पर्ने असर वाहेक हाम्रो रायमा संलग्न वित्तीय विवरणले कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ अनुरुप बैंकको २०६५ आषाढ ३१ गतेको वित्तीय स्थिति, सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको यथार्थ चित्रण गरेको छ।

P. L. SHRESTHA & CO. Chartered Accountants Kathmandu

पि.एल. श्रेष्ठ, एफ.सि.ए
पि. एल. श्रेष्ठ एण्ड कं.
चार्टर्ड एकाउन्टेन्स्

स्थानः काठमाडौं
मितीः २०६५/०८/०३

113/19 Surung Galli, Maharajgunj, Kathmandu, Nepal. Tel: 4425761, 4412207, E-mail: plshrestha@wlink.com.np
Also at: 657/28 Bhakti Thapa Sadak, Bijulibazar, P.O. Box No. 3516, Kathmandu, Nepal. Tel: 4491187, 4462467, Fax: 4462408
P. L. Shrestha & Co. is a member of HLB International a world-wide network of professional accounting firms & business advisors.

## वासलात

२०६५ साल आषाढ मसान्तको

| पूँजी तथा दायित्व | अनुसूची | चालु आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|
| १. शेयर पूँजी | १ | ९०१,३३९,३०० | ८२१,६५१,३०० |
| २. जगेडा तथा कोषहरु | २ | २६२,००७,६५८ | १८५,६४०,६१६ |
| ३. ऋणपत्र तथा बन्ड | ३ | - | - |
| ४. तिर्न बाँकि कर्जा सापट | ४ | ८८,५०८,१३४ | २२८,५०४,१४२ |
| ५. निक्षेप दायित्व | ५ | ११,१०२,२४२,२६३ | ९,४७५,४५१,५०९ |
| ६. भुक्तानी दिनुपर्ने विलहरु | ६ | १०,३११,१५२ | २१,४८२,४३६ |
| ७. प्रस्तावित तथा भुक्तानी दिनु बाँकी लाभाँश | | ८,६४८,९६१ | - |
| ८. आयकर दायित्व | | ३,०३७,४९९ | ७,३७२,३३८ |
| ९ अन्य दायित्व | ७ | १२२,४५३,२५९ | ७०,२८,१७७ |
| **जम्मा पूजी तथा दायित्व** | | १२,४९८,५४८,२२६ | १०,८१०,३३०,५१८ |

| सम्पति | अनुसूची | चालु आ.व. रु | गत .आ.व. रु |
|---|---|---|---|
| १.नगद मौज्दात | ८ | ५६०,३१७,३५८ | ३८५,९४०,३९८ |
| २.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ९ | ८९३,२९५,४१९ | ७८५,६८८,८१५ |
| ३. बैंक /वित्तीय संस्थामा रहेको मौज्दातं | १० | १३४,९५०,८५५ | ११२,४५०,९७१ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ११ | ७०,०००,००० | ६९४,०००,००० |
| ५. लगानी | १२ | १,४४३,५५०,५६१ | १,२७८,४६८,५५९ |
| ६. कर्जा सापट तथा विल खरीद | १३ | ८,६४२,३२३,३७५ | ७,१२९,८९१,५४२ |
| ७. स्थिर सम्पत्ति | १४ | ५३५,८८६,१४२ | २६२,२४६,५४५ |
| ८. गैर बैकिङ्ग सम्पत्ति | १५ | - | ३,३९२,५०० |
| ९. अन्य सम्पत्ति | १६ | २१८,२२४,५१६ | १५८,२५१,१८८ |
| **जम्मा सम्पति** | | १२,४९८,५४८,२२६ | १०,८१०,३३०,५१८ |

| | |
|---|---|
| संभावित दायित्व | अनुसूची १७ |
| सञ्चालकहरूको घोषणा | अनुसूची २९ |
| पुजीकोष तालिका | अनुसूची ३० |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | अनुसूची ३० (क) |
| प्रमुख सुचकाङ्कहरू | अनुसूची ३१ |
| प्रमुख लेखा नीतिहरू | अनुसूची ३२ |
| लेखा सम्बन्धी टिप्पणीहरु | अनुसूची ३३ |

**१ देखि १७ सम्मका अनुसूचीहरू वासलातका अभिन्न अंग हुन् ।**

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

**गोबिन्द प्रसाद शर्मा**
प्रमुख, बित्त तथा योजना

**भाईकाजी श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**सूर्य वहादुर के.सी.**
अध्यक्ष

**पि. एल. श्रेष्ठ, एफ. सि.ए.**
पि. एल. श्रेष्ठ एण्ड कं.
चार्टर्ड एकाउण्टेण्ट्स

**आजाद श्रेष्ठ**
सञ्चालक

**प्रकाश के.सी.**
सञ्चालक

**श्रीमती गीता श्रेष्ठ**
सञ्चालक

**किशोर कुमार शाह**
सञ्चालक

**प्राणेश्वर पोखरेल**
सञ्चालक

**नरेश बहादुर मल्ल**
सञ्चालक

## नाफा-नोक्सान हिसाब

मिति २०६४।०४।०१ देखि २०६५।०३।३१ सम्मको

| विवरण | अनुसूची | चालु आ.व. रु. | गत .आ.व. रु . |
|---|---|---|---|
| १. व्याज आम्दानी | १८ | ७९६,५९७,१८२ | ६९४,४८२,२२० |
| २. व्याज खर्च | १९ | ४०७,९१९,२३८ | ३९७,७२१,७१५ |
| **खुद व्याज आम्दानी** | – | **३८८,६७७,९४३** | **२९६,७६०,५०५** |
| ३. कमिशन तथा डिस्काउण्ट | २० | ३५,६१६,२४७ | ३४,३०५,०३३ |
| ४. अन्य सञ्चालन आम्दानी | २१ | ३०,०७२,१२७ | ४९,०३९,१२२ |
| ५ सटही घटवढ आम्दानी | २२ | ४५,६९९,३२१ | २९,०३६,३०८ |
| **कुल सञ्चालन आम्दानी** | – | **५००,०६५,६३८** | **४०९,१४०,९६८** |
| ६. कर्मचारी खर्च | २३ | ७१,४२१,०५९ | ५४,३६०,३११ |
| ७. अन्य सञ्चालन खर्च | २४ | १२४,४०८,४२२ | १०१,४६७,६३१ |
| ८. सटही घटवढ नोक्सान | २२ | – | १,८९३,२०२ |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | – | **३०४,२३६,१५७** | **२५१,४१९,८२५** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरु | २५ | २६४,४८७,०५४ | १५७,६०६,०५६ |
| **सञ्चालन मुनाफा** | – | **३९,७४९,१०२** | **९३,८१३,७६९** |
| १०. गैर सञ्चालन आम्दानी/नोक्सान | २६ | (४८,१५९) | ४६२,१७५ |
| ११. सम्भावित नोक्सानी ब्यबस्था बाट फिर्ता | २७ | १३५,४०५,३५८ | ४८,१८५,४५८ |
| **नियमित कारोवारवाट भएको मुनाफा** | – | **१७५,१०६,३०१** | **१४२,४६१,४०२** |
| १२. असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च | २८ | ३८,००० | (१४,३१९,०७१) |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | – | **१७५,१४४,३०१** | **१२८,१४२,३३१** |
| १३. कर्मचारी बोनस ब्यबस्था | – | १५,९२२,२०९ | ११,४०२,६११ |
| १४. आयकर व्यवस्था | – | ७४,२०६,०९० | ३९,९४०,४६१ |
| क. यस वर्षको | – | ४९,८४७,३३६ | ३९,९४०,४६१ |
| ख. स्थगन कर( Deferred Tax) | – | ७,८५९,९४३ | – |
| ग. गत वर्षसम्मको | – | १६,४९८,८११ | – |
| **खुद नाफा/नोक्सान** | – | ८५,०१६,००२ | ७६,७९९,२५९ |

**१८ देखि २८ सम्मका अनुसूचीहरु नाफा नोक्सान हिसाबका अभिन्न अंग हुन्**

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

**गोबिन्द प्रसाद शर्मा**
प्रमुख, बित्त तथा योजना

**भाईकाजी श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**सूर्य वहादुर के.सी.**
अध्यक्ष

**पि. एल. श्रेष्ठ, एफ. सि.ए.**
पि. एल. श्रेष्ठ एण्ड कं.
चार्टर्ड एकाउण्टेण्ट्स

**आजाद श्रेष्ठ**
सञ्चालक

**प्रकाश के.सी.**
सञ्चालक

**श्रीमती गीता श्रेष्ठ**
सञ्चालक

**किशोर कुमार शाह**
सञ्चालक

**प्राणेश्वर पोखरेल**
सञ्चालक

**नरेश बहादुर मल्ल**
सञ्चालक

## नाफा नोक्सान बाँडफाँड हिसाब

आ.ब. २०६४।०६५

| विवरण | अनुसूची | चालु आ.व. रु | गत .आ.व. रु |
|---|---|---|---|
| आम्दानी | | | |
| १. गत वर्षसम्मको संचित मुनाफा | | ११०,५१०,०५० | १३,५२७,९२० |
| १. यस वर्षको मुनाफा | | ८५,०१६,००२ | ७६,७९९,२५९ |
| ३. सटही घटबढ कोष | | – | – |
| ४. पुँजी समायोजन कोष वाट फिर्ता | | – | ३५,०००,००० |
| **जम्मा** | | **१९५,५२६,०५३** | **१२५,३२७,१७९** |
| खर्च | | | |
| १. गत वर्षसम्मको संचित नोक्सान | | – | – |
| २. यस वर्षको नोक्सान | | – | – |
| ३. साधारण जगेडाकोष | | १७,००३,२०० | १४,८१७,१२९ |
| ४. भैपरी आउने जगेडा | | – | – |
| ५. संस्था विकास कोष | | – | – |
| ६. लाभांश समीकरण कोष | | – | – |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरू | | – | – |
| ८. प्रस्तावित लाभांश | | ८,६४८,९६१ | – |
| ९. प्रस्तावित बोनस शेयर जारी | | १६४,३३०,२६० | – |
| १०. विशेष जगेडा कोष | | – | – |
| ११. सटही घटबढ कोष | | २,४७२,३३८ | – |
| १२. पुँजी फिर्ता जगेडा कोष | | – | – |
| १३. पुँजी समायोजन कोष | | – | – |
| १४. ............................. | | – | – |
| **जम्मा** | | **१९२,४५४,७६०** | **१४,८१७,१२९** |
| **१५. सञ्चित मुनाफा/(नोक्सान)** | | ३,०७१,२९३ | ११०,५१०,०५० |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| **गोबिन्द प्रसाद शर्मा**<br>प्रमुख, बित्त तथा योजना | **भाईकाजी श्रेष्ठ**<br>प्रमुख कार्यकारी अधिकृत | **सूर्य वहादुर के.सी.**<br>अध्यक्ष | **पि. एल. श्रेष्ठ, एफ. सि.ए.**<br>पि. एल. श्रेष्ठ एण्ड कं.<br>चार्टर्ड एकाउण्टेण्ट्स |
| **आजाद श्रेष्ठ**<br>सञ्चालक | **प्रकाश के.सी.**<br>सञ्चालक | **श्रीमती गीता श्रेष्ठ**<br>सञ्चालक | |
| **किशोर कुमार शाह**<br>सञ्चालक | **प्राणेश्वर पोखरेल**<br>सञ्चालक | **नरेश बहादुर मल्ल**<br>सञ्चालक | |

## नगद प्रवाह विवरण

२०६४।०४।०१ देखि २०६५।०३।३१ सम्मको

| गत बर्ष रु . | विवरण | यस बर्ष रु . |
|---|---|---|
| **६८५,६२९,२९९** | **क) कारोबार संचालनबाट नगद प्रवाह** | **५५३,०४०,४१३** |
| **८०६,८६२,६८३** | **१. नगद प्राप्ति** | **८९८,१८२,०२३** |
| ६९४,४८२,२२० | १.१ व्याज आम्दानी | ७९६,६४५,६८२ |
| ३४,३०५,०३३ | १.२ कमीशन तथा डिष्काउन्ट आम्दानी | ३५,६१६,२४७ |
| २९,०३६,३०८ | १.३ विदेशी विनिमय कारोवारबाट आम्दानी | ३५,८०९,९६७ |
| - | १.४ अपलेखित कर्जाको असुली | ३८,००० |
| ४९,०३९,१२२ | १.५ अन्य आम्दानी | ३०,०७२,१२७ |
| **६०५,८६६,२५६** | **२.नगद भुक्तानी** | **६४१,०८७,०३६** |
| ३९७,७२१,७१५ | २.१ व्याज खर्च | ४०७,९१९,२३८ |
| ५१,७९३,६९७ | २.२ कर्मचारी खर्च | ६७,०००,१८९ |
| ७९,६०२,९१६ | २.३ कार्यालय संचालन खर्च | ९४,९१३,६७८ |
| ४३,०३०,१८९ | २.४ आयकर भुक्तानी | ७०,६८०,९८५ |
| १९,३९८,६६८ | २.६ पेन्सन तथा कर्मचारी बोनस खर्च | ५७२,९४६ |
| १४,३१९,०७१ | २.५ अन्य खर्च | - |
| **२००,९९६,४२७** | **कार्यगत पुंजी** (Working Capital) **गतिविधि अघिको नगद प्रवाह** | **२५७,०९४,९८७** |
| **(१,२३०,१०९,५९६)** | **सञ्चालन सम्वन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि)** | **(१,३३२,२३०,३७८)** |
| २४,४७४,५२१ | १. माग तथा अल्प सुचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | ६२४,०००,००० |
| (८७,१०२,१५६) | २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | (१६५,०८२,००२) |
| (१,१७३,३६६,३०८) | ३. कर्जा तथा विल्स खरीदमा कमी/(वृद्धि) | (१,६४४,१३१,०२८) |
| ११,४६४,३७१ | ४. गैह्र बैंकिङ्ग सम्पत्तिमा कमी/(वृद्धि) | ६,०१०,००० |
| (५,५८०,०२४) | ५. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (१५३,०२७,३४७) |
| **१,७१४,७४२,४६८** | **सञ्चालन सम्वन्धि चालु दायित्वमा (कमी)/वृद्धि** | **१,६२८,१७५,८०५** |
| १,५८२,१५३,८३७ | १. निक्षेपदायित्वमा (कमी)/वृद्धि | १,६२६,७९०,७५३ |
| - | २. सटिफिकेट अफ डिपोजिटमा (कमी)/वृद्धि | - |
| १३३,१०७,९४६ | ३. अल्पकालीन सापटीमा (कमी)/वृद्धि | (९५,७३६,३९३) |
| (५१९,३१५) | ४. अन्य दायित्वमा (कमी)/वृद्धि | ९७,१२१,४४४ |
| **(१७१,०५७,४१२)** | **(ख) लगानी कारोवारमा नगद प्रवाह** | **(२९३,८७४,७०४)** |
| - | १. दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | - |
| (१७१,०५७,४१२) | २. स्थीर सम्पत्तिमा कमी/(वृद्धि) | (२९३,८७४,७०४) |
| - | ३. दीर्घकालीन लगानीमा व्याज आम्दानी | - |
| | ४. लाभांश आम्दानी | - |
| - | ५. अन्य | - |
| **(४२,५२२,४३७)** | **(ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | **३५,४२८,३८४** |
| - | १. दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | - |
| - | २. शेयर पूंजीमा वृद्धि/(कमी) | ७९,६८८,००० |
| (६,२४३,४३७) | ३. लाभांश खर्च | |
| (३६,२७९,०००) | ४. नेपाल राष्ट्र बैंकबाट पाप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी) | (४४,२५९,६१६) |
| **(१,८९३,२०२)** | **(घ) नगद तथा बैक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी /खर्च** | **९,८८९,३५४** |
| **४७०,१५६,२४८** | **(ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **३०४,४८३,४४७** |
| **८१३,९२३,९३७** | **(च) नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **१,२८४,०८०,१८५** |
| १,२८४,०८०,१८५ | **छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | १,५८८,५६३,६३२ |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

**गोबिन्द प्रसाद शर्मा**
प्रमुख, बित्त तथा योजना

**भाईकाजी श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**सूर्य वहादुर के.सी.**
अध्यक्ष

**पि. एल. श्रेष्ठ, एफ. सि.ए.**
पि. एल. श्रेष्ठ एण्ड कं.
चार्टर्ड एकाउण्टेण्ट्स

**आजाद श्रेष्ठ**
सञ्चालक

**प्रकाश के.सी.**
सञ्चालक

**श्रीमती गीता श्रेष्ठ**
सञ्चालक

**किशोर कुमार शाह**
सञ्चालक

**प्राणेश्वर पोखरेल**
सञ्चालक

**नरेश बहादुर मल्ल**
सञ्चालक

## इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरण

आ.ब. २०६४।०६५

(रकम रु.मा)

| विवरण | शेयर पूँजी | सञ्चित नाफा नोक्सान | साधारण जगेडा कोष | पूँजी समायोजन कोष | शेयर प्रिमियम | सटही घटबढ कोष | प्रस्तावित बोनस शेयर | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात श्रावण २०६४ | ८२१,६५१,३०० | ११०,५१०,०५० | ७०,९८९,९६३ | – | – | ४,१४०,६०३ | – | १,००७,२९१,९१६ |
| समायोजनहरु : | – | – | – | – | – | – | – | – |
| खुद नाफा/नोक्सान | – | ८५,०१६,००२ | – | – | – | – | – | ८५,०१६,००२ |
| साधारण जगेडाकोष | – | (१७,००३,२००) | १७,००३,२०० | – | – | – | – | – |
| पूँजी समायोजन कोष | | – | – | – | – | – | – | – |
| प्रस्तावित नगद लाभांश | – | (८,६४८,९६१) | – | | – | – | – | (८,६४८,९६१) |
| सटही घटबढ कोष | – | (२,४७२,३३८) | – | – | – | २,४७२,३३८ | – | – |
| प्रस्तावित बोनस शेयर | – | (१६४,३३०,२६०) | – | – | – | – | १६४,३३०,२६० | – |
| शेयर बापत अग्रीम भुक्तानी | ७९,६८८,००० | – | – | – | – | – | – | ७९,६८८,००० |
| **अन्तिम मौज्दात आषाढ २०६५** | ९०१,३३९,३०० | ३,०७१,२९३ | ८७,९९३,१६३ | – | – | ६,६१२,९४१ | १६४,३३०,२६० | १,१६३,३४६,९५८ |

## शेयर पूँजी तथा स्वामित्व

अनुसूची १

२०६५ आषाढ मसान्त

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| | १. शेयर पूँजी | |
| १,०००,०००,००० | १.१ अधिकृत पूँजी | २,०००,०००,००० |
| १,०००,०००,००० | क) २०,०००,००० साधारण शेयर प्रति शेयर रु १०० ले | २,०००,०००,००० |
| | ख) ......... नन्रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. ....... ले | |
| | ग) ......... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. ....ले | |
| ८२१,६५१,३०० | १.२ जारी पूँजी | १,३१४,६४२,०८० |
| ८२१,६५१,३०० | क) १,३१,४६,४२०.८ साधारण शेयर प्रति शेयर रु १०० ले | १,३१४,६४२,०८० |
| | ख) ......... नन्रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. ....... ले | |
| | ग) ......... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू.............ल | |
| ८२१,६५१,३०० | १.३ चुक्ता पूँजी | ९०१,३३९,३०० |
| ८२१,६५१,३०० | क) ८२,१६,५१३ साधारण शेयर प्रति शेयर रु १०० ले | ८२१,६५१,३०० |
| | ख) ............ नन्रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू......... ले | |
| | ग) .............रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. ............ल | |
| | ग) .............हकप्रद शेयर बापत अग्रीम भुक्तानी प्राप्त | ७९,६८८,००० |
| | | |

## शेयर स्वामित्व

२०६५ आषाढ मसान्त

| शेयर पूँजी | % | विवरण | % | शेयर पूँजी |
|---|---|---|---|---|
| ५७५,५७३,५०० | ७० | १. संस्थापक | ७० | ५७५,५७३,५०० |
| - | - | १.१ नेपाल सरकार | - | - |
| - | - | १.२ बैदेशिक सस्था | - | - |
| - | - | १.३ “क” वर्गका इजातपत्र प्राप्त सस्थाहरु | - | - |
| - | - | १.४ अन्य इजाजतपत्रप्राप्त संस्थाहरू | - | - |
| १४४,६७६,५०० | १८ | १.५ अन्य संस्थाहरू | २१ | १६९,८१७,५०० |
| ४३०,८९७,००० | ५२ | १.६ व्यक्तिगत | ४९ | ४०५,७५६,००० |
| - | - | १.७ अन्य | - | |
| २४६,०७७,८०० | ३० | (ख) सर्वसाधारण | ३० | २४६,०७७,८०० |
| ८२१,६५१,३०० | १०० | **जम्मा** | १०० | ८२१,६५१,३०० |

अनुसूची १(क)

## शेयर पूँजी तथा स्वामित्व

शेयर स्वामित्वमा ०.५ प्रतिशत भन्दा बढि स्वामित्व हुने शेयरधनीहरुको विवरण

| क्र.सं. | नाम | गत बर्ष | | यस बर्ष | |
|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | पिकेआर इन्भेष्टमेन्ट कम्पनी प्रा. लि. | ८२,०७५,५०० | ९.९९ | ८२,०७५,५०० | ९.९९ |
| २ | माछापुच्छ्रे इन्भेष्टमेन्ट कम्पनी प्रा. लि. | ६२,६०१,००० | ७.६२ | ६२,६०१,००० | ७.६२ |
| ३ | प्रेम कुमारी के.सी. | ५९,९४९,५०० | ७.३० | ५९,९४९,५०० | ७.३० |
| ४ | सोभित बहादुर कार्की | ५७,६१५,००० | ७.०१ | ५७,६१५,००० | ७.०१ |
| ५ | जगतमोहन गौचन | ४३,११४,७०० | ५.२५ | ४३,११४,७०० | ५.२५ |
| ६ | योगेन्द्र प्रसाद श्रेष्ठ | ३१,३००,३०० | ३.८१ | ३१,३००,३०० | ३.८१ |
| ७ | डा. धर्मराज श्रेष्ठ | २५,३६१,६०० | ३.०९ | २५,३६१,६०० | ३.०९ |
| ८ | चन्द्रमोहन गौचन | २६,८५०,५०० | ३.२७ | २३,४९६,५०० | २.८६ |
| ९ | कालु गुरुङ्ग | २५,२४१,००० | ३.०७ | - | - |
| १० | प्रकाश के.सी. | २१,०७९,५०० | २.५७ | २१,०७९,५०० | २.५७ |
| ११ | किरण के.सी. | १८,५३१,१०० | २.२६ | १८,५३१,१०० | २.२६ |
| १२ | रोशन के.सी. | १८,५३०,९०० | २.२६ | १८,५३०,९०० | २.२६ |
| १३ | प्राणेश्वर पोखरेल | १२,६७५,९०० | १.५४ | १२,६७५,९०० | १.५४ |
| १७. तरलता (CRR) | प्रतिशत | ४.९१ | ८.२७ | ५.१८ | ८.२९ | ८.०५ |
| १८. निष्कृय कर्जा/कूल कर्जा | प्रतिशत | ०.९८ | ०.३९ | ०.२८ | १.१६ | १.०४ |
| १९. व्याज दर अन्तर (Weighted Average | – | – | – | – | – | – |
| Interest Rate Spread) | प्रतिशत | ३.७८ | ३.९७ | ३.४० | ३.३८ | ३.९६ |
| २०. बुक नेटवर्थ | रु. | ५५४,२२१,८४३ | ६३७,७३९,३८४ | ९३१,०९१,३५७ | १,०००,२६४,६३५ | १,१६३,३४६,९५८ |
| २१. कूल शेयर | संख्या | ५,५००,००० | ५,५००,००० | ७,१५०,००० | ८,२१६,५१३ | ८,२१६,५१३ |
| २२. कूल कर्मचारी | संख्या | ८५ | १३७ | १९६ | २३४ | ३१३ |
| २३. प्रति कर्मचारी उत्पादकत्व | रु. हजारमा | ५४९.२९ | ६१९ | ६८३.६६ | ३१६.६१ | २७१.६२ |
| २४. प्रति शेयर किताबी मुल्य | रु. | १००.७७ | ११५.९५ | १३०.२२ | १२१.७४ | १४१.५९ |

# प्रमुख लेखा नीतिहरू

अनुसूची - ३२

आर्थिक वर्ष २०६४/६५

**१. सामान्य जानकारी**

माछापुच्छ्रे बैंक लिमिटेड नेपालमा स्थापित सिमित दायित्व भएको कम्पनी हो। यसको रजिष्टर्ड कार्यालय पोखरामा तथा कर्पोरेट कार्यालय काठमाण्डौमा रहेको छ। यो बैंक नेपाल धितोपत्र बिनिमय बजारमा सूचीकृत छ।
यो बैंक नेपालमा बाणिज्य बैंकको रुपमा कार्यरत छ। संलग्न बित्तीय बिवरणहरु बैंकको संचालक समितिले मिति २०६५ मंसिर २ मा पारित गरेको थियो।

**२. प्रमुख लेखा नीति सारांश**

बित्तिय विवरणहरु तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन। अन्यथा उल्लेख गरिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ।

**३. लेखासम्बन्धी अवधारणा**

संलग्न वित्तीय विवरणहरु नेपाल लेखामान बोर्डद्वारा जारी गरिएका मापदण्डहरु, लेखाका सर्वमान्य सिद्धान्तहरु, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशनहरु तथा कम्पनी ऐनको अधिनमा रही तयार पारिएको छ। आर्थिक बिबरणहरु अन्यथा उल्लेख गरिएको बाहेक प्रोदभाबी (Accrual) आधारमा गणना गरीएको छ।

**४. लेखाङ्कनको आधार**

बिदेशी मुद्राका विवरणहरु वाहेक अन्य सबै बित्तीय बिवरणहरु ऐतिहासिक लागतको आधारमा तयार पारिएका छन्। नेपाल लेखा मापदण्डहरु तथा लेखाका सर्वमान्य सिद्धान्तहरु अनुरुप बित्तीय विवरणहरु तयार पार्दा केहि आवश्यक लेखा अनुमानहरु गरिन्छन्। साथै बिभिन्न लेखा नीतिहरुको पालना गर्ने क्रममा व्यवस्थापन द्वारा विवेक प्रयोग गर्नु पर्ने आवश्यकता रहन्छ।

**५. व्याज आम्दानी**

नेपाल राष्ट्र बैंकको निर्देशानुसार कर्जा सापटमा पाकेको व्याजलाई नगद प्राप्तिको आधारमा आम्दानी जनाउने गरी लेखाङ्कन गर्ने नीति रहेकोछ। यसरी व्याज आयलाई नगद प्राप्तिको आधारमा लेखांकन गर्नु नेपाल लेखामान ७ ( आयको लेखांकन) को आयलाई पाकेको आधारमा लेखांकन गर्नुपर्ने सिद्धान्तको अनुरुप छैन। लगानीवाट आर्जित व्याज आम्दानीलाई पाकेको आधारमा लेखाङ्कन गरिएको छ।

**६. कमिशन आयको लेखाङ्कन**

बैंकले विभिन्न कारोवारमा प्राप्त गरेको कमिशनलाई नगद प्राप्तिको आधारमा आम्दानीमा लेखाङ्कन गर्ने नीति लिएकोछ। तर, एक बर्ष भन्दा बढि अवधिको लागि जारी गरिएको जमानत पत्र र प्रतित पत्रवापत प्राप्त हुने रु. १,००,०००।- भन्दा बढिको कमिशनलाई अवधिको आधारमा आम्दानी बाँधिएको छ।

**७. लाभांश आय**

शेयर लागानी वाट प्राप्त लाभांश आयलाई प्राप्ति को हक (Right to receive) कायम भएको आधारमा लेखाङ्कन गर्ने नीति लिएको छ।

**८. बिदेशी विनिमय कारोवारहरु**

विदेशी मुद्रा कारोबारबाट हुने आम्दानी मध्ये खरिद बिक्रीबाट हुने नाफा/नोक्सान र विदेशी मुद्राको पुनर्मुल्यांकनबाट हुने नाफा/नोक्सानको स्पष्ट देखिने गरी छुट्टाछुट्टै लेखा राख्ने गरेको छ।

वासलातको मितिमा विदेशी मुद्रामा मौज्दात रहेका सम्पत्ति एवं दायित्वहरुलाई सोही मितिमा कायम रहेको बिनिमय दरको मध्य दर (खरिद तथा बिक्री दरको औषत दर) को आधारमा रुपान्तर गर्ने नीति लिएको छ।

नेपाल राष्ट्र बैंकको विद्यमान निर्देशन अनुसार, विदेशी विनिमय दरको पुनर्मूल्यांकनबाट भएको आम्दानी मध्ये २५% रकम सटही घटबढ कोषमा सार्ने नीति लिएको छ। साथै, पुनरमुल्यन नोक्सान भएमा नाफा नोक्सान हिसाबमा खर्च लेख्ने नीति लिएको छ। बिदेशी बिनिमय फर्वाड कन्ट्रयाक्टमा हुने प्रिमियम/डिष्काउन्टको लेखाङ्कन कारोवार भएको समयमै नाफा नोक्सान हिसाबमा गर्ने गरिएको छ।

उपरोक्तानुसारको नीति अनुरुप बैंकले यस आ.व.मा रु. २४,७२,३३८.४१ सटही घटबढ कोषमा जम्मा गरेको छ।

**९. व्याज खर्च**

निक्षेप दायित्व तथा बैंकले लिएको सापटीमा तिर्नुपर्ने व्याजलाई पाकेको आधारमा लेखाङ्कन गरिएको छ।

**१०. कर्जा, सापट, अधिविकर्ष तथा बिल खरिद**

यस शिर्षकमा ग्राहकलाई प्रदान गरिएका प्रत्यक्ष कर्जाहरु पर्दछन्। यस अन्तर्गत अल्पावधि कर्जा, दीर्घावधि कर्जा, उपभोक्ता कर्जा

तथा प्राथमिकता प्राप्त र विपन्न वर्ग कर्जाहरु रहेका छन् जुन नेपाल राष्ट्र बैंकको निर्देशिकाको अधिनमा रही जोखिमको आधारमा वर्गिकृत छन् । उपरोक्त कर्जा, सापट, अधिविकर्ष र बिल खरिद रकमलाई कर्जा नोक्सानी व्यवस्था घटाई खुद रकम वासलातमा देखाइएको छ ।

**११. कर्मचारी कर्जा**

बैंकका नियमावलीको अधिनमा रही कर्मचारीहरुलाई प्रदान गरिएका कर्जा तथा सापटीहरु "अन्य सम्पत्तीहरु" शिर्षक अन्तर्गत देखाईएको छ ।

**१२. कर्जा नोक्सानी व्यवस्था**

बैंकको कर्जा एवं लगानीमा निहीत जोखिमलाई न्यून गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ । नेपाल राष्ट्र बैंकको निर्देशिकाको आधारमा कर्जा, सापट, अधिविकर्ष तथा बिल खरिदलाई वर्गिकरण गरी ०.२५ देखि १०० प्रतिशत सम्म कर्जा नोक्सानी व्यवस्था गरिएको छ । केहि कर्जाहरुको हकमा जोखिम व्यवस्थालाई पर्याप्त बनाउने उद्येश्यले नेपाल राष्ट्र बैंकको निर्देशनले तोके भन्दा पनि बढी व्यवस्था गरिएको छ ।

**१३. कर्जा अपलेखन नीति**

बैंकले नेपाल राष्ट्र बैंकको निर्देशनमा उल्लेख भए अनुरुप "कुनै कर्जा को भाखा नाघेको अवधि पाँच बर्ष पुरा भएको वा शत प्रतिशत नोक्सानी व्यवस्था गरि सकेको अवस्थामा" तथा बैंक लाई कुनै कर्जा असुल उपर हुन नसक्ने लागेमा उक्त कर्जालाई, सो ऋण उपर बैंकको दावीलाई अविच्छिन्न राखि किताबी अपलेखन गर्ने नीति बनाई नेपाल राष्ट्र बैंकको स्वीकृतिलिई उक्त नीति अवलम्वन गरिएको छ ।

खाता वाट अपलेखन गरि सकेको कर्जावाट असुल उपर हुने साँवा तथा व्याज रकमलाई प्राप्त भएको वर्षमा आम्दानी जनाउने नीति रहेको छ ।

**१४. लगानी सम्बन्धी नीति**

बैंकले ब्यापारिक तथा अन्य प्रयोजनको लागि गरिएको लगानीलाई छुट्टाछुट्टै देखाउने गरेको छ । लगानीलाई परल मुल्य र बजार मुल्यमा जुन कम हुन्छ, त्यसमा मुल्यांकन गर्ने गरेको छ । लगानीको बजार मूल्य घटेको अवस्थामा सम्भावित जोखिम व्यहोर्ने नोक्सानी व्यवस्था गर्ने नीति लिएको छ । सूचीकृत नभएका कम्पनीका शेयर तथा डिबेन्चरमा भएको लगानीको मूल्याङ्कन लागत मूल्यमा गरिएको छ ।

**१५. स्थिर सम्पत्तिमा ह्रास कट्टि नीति**

(क) स्थिर सम्पत्तिलाई ऐतिहासिक मूल्य (Historical Cost) को अवधारणा मुताविक देखाइएको छ ।

(ख) नेपाल लेखामान ६ बमोजिम स्थिर सम्पत्तीलाई सम्पत्ती प्रयोग गर्न सकिने अवधि (Expected Useful Life) का आधारमा समदर प्रणाली वाट ह्रास कट्टी गरिएको छ । ह्रास कट्टी प्रयोजनका लागि व्यवस्थापनले स्थिर सम्पत्तीको प्रयोग योग्य आयु निम्नानुसार अनुमान गरेको छ ।

| स्थिर सम्पत्तीका प्रकार | आयू (बर्ष) |
|---|---|
| भवन | ५० |
| सवारी साधन | ७ |
| काठका फर्निचर | ८ |
| धातुका फर्निचर | १० |
| कार्यालय उपकरण | १० |
| कम्प्युटर | ५ |
| जेनेरेटर तथा अन्य | १० |

(ग) प्रस्तुत बर्षमा खरिद एवं पूँजीकरण गरिएको सम्पत्तीहरुमा खरिद वा प्राप्त गरेको महिनाको अर्को महिना देखि ह्रास कट्टी गरी खर्च लेख्ने व्यवस्था गरिएको छ । बिक्री तथा अपलेखन गरिएको स्थिर सम्पत्तीको हकमा बिक्री तथा अपलेखन हुनु भन्दा अगाडिको महिनासम्म ह्रास कट्टी गरिएको छ ।

(घ) आयकर प्रयोजनको निमित्त आयकर ऐन २०५८ अनुसार छुट्टै ह्रास कट्टी विवरण तयार पारी कर लेखा परीक्षण गर्ने नीति लिएको छ ।

(ङ) बैंकले रु. ५,०००।- सम्म मोल पर्ने स्थिर सम्पत्ति प्रकृतिका सामानहरु खरिद गर्दा त्यस्ता उपकरण तथा सामानहरु पूँजीकृत नगरी सोझै खर्च लेख्ने नीति लिएको छ ।

**१६. लेखा नीतिमा परिवर्तन**

(क) बैंकले गत आ.ब २०६३/०६४ सम्म स्थिर सम्पत्तिमा घट्दो मौज्दात प्रणालिबाट ह्रास कट्टी गरिआएको भएतापनि बैकको संचालक समितिले चालू आ.ब बाट नेपाल लेखामान ६ मा उल्लेखित सिद्धान्त बमोजिम सम्पत्तीको प्रयोग योग्य आयुका आधारमा समदर प्रणाली वाट ह्रास कट्टी गर्ने नीति लिएको छ । जस अनुसार गत बर्ष समेत समदर प्रणालि अनूसार ह्रास कट्टी रकम गणना गर्दा बैकको आ.ब २०६३/०६४ को ह्रास कट्टी खर्चमा रु २७,१३,६१२।२४ ले कमी आएको छ । उक्त रकमलाई गत बर्ष सम्मको जगेडा रकममा समायोजन गरी देखाईएको छ ।

(ख) उक्त लेखा नीतिमा भएको परिवर्तनले गर्दा सम्पत्तीको आ.व. २०६४/६५ को शुरु मौज्दातलाई निम्न बमोजिम समायोजन गरी देखाईएको छ ।

| बिवरण | भवन | परिवहन साधन | कार्यालय सामान | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| शुरु मौज्दात (समायोजन अघि) | १,७६,२१,५२४ | २६,७६,५२,९१ | ७,२३,९६,९६९ | १०,२६,६४८ | ११,७८,१०,४३२ |
| थप: समायोजित रकम | ९,५४,६६६ | २,११,१५७ | १५,०७,२५८ | ४०,५३१ | २७,१३,६१२ |
| शुरु मौज्दात (समायोजन पछि) | १,८५,७६,१९० | २,६९,७६,४४८ | ७,३९,०४,२२७ | १०,६७,१७९ | १२,०५,२४,०४४ |

(ग) लेखा नीतिको परिवर्तनले गर्दा यस बर्ष ह्रास खर्चमा रु. ३४,८२,८२२.७६ ले कमी आएको छ। फलस्वरुप सोहि रकम बरावरले संचालन मुनाफामा बृद्धि भएको छ।

### १७ प्रारम्भिक, पूर्व संचालन तथा स्थगन खर्चहरु

बैंकले प्रारम्भिक खर्च, पूर्व संचालन खर्च, कम्प्यूटर सफ्टवेयर, प्राथमिक शेयर निष्काशन सम्वन्धि खर्च तथा पट्टामा लिएका भवनमा गरिएका खर्च रकमहरुलाई समय यकिन हुने खर्चहरु भएमा सोहि हिसावले र समय यकिन नहुने खर्चहरु भएमा ५ वर्षमा समानुपातिक रुपले अपलेखन गर्ने गरी स्थगन गर्ने नीति लिएको छ। सोही अनुसार यस अवधिमा बैंकले अनुपातिक रुपले हुन आउने रकम रु.९,१२४,२०३।६९ अपलेखन गरेको छ।

### १८. उपदान व्यवस्था

नेपाल राष्ट्र बैंकवाट स्वीकृत बैंकको कर्मचारी विनियमावली अनुसार उपदानका लागि योग्य कर्मचारीहरुका आधारमा उपदान वापत यस बर्ष थप रु. ४,४२०,८७०।९७ व्यवस्था गरिएको छ।

### १९. कर्मचारी बोनस खर्च

बैंकका कर्मचारीहरुको लागि बोनस वापत छुट्टाईएको रकम आयकर व्यवस्था अघिको (कर्मचारी वोनस व्यवस्था पश्चात) खुद नाफाको १० प्रतिशत रहेको छ।

### २०. बिदा वापतको रकम

कर्मचारी बिदा वापतको भुक्तानीलाई नगद भुक्तानीको आधारमा लेखांकन गरिएको छ। यो प्रचलन नेपाल लेखामान अनुरुप नभई बैंकको कर्मचारी नियमावली अनुसार बैंकले प्रत्येक बर्ष आफ्ना कर्मचारीहरुलाई बढीमा २१० दिन बिदा बक्यौता राख्न दिई सोभन्दा बढीको बिदाबापत मात्र नगद भुक्तानी गर्ने गरेको छ।

### २१. स्टेशनरी मौज्दात

बैंकले खरिद गरेको सबै किसिमको स्टेशनरी तथा छपाई सामाग्रीहरु मध्ये बाँकी रहेको मौज्दातलाई FIFO (First In First Out) Method बाट मूल्याँकन गरी अन्य सम्पत्तिमा देखाउने गरेको छ।

### २२. आयकर व्यवस्था

आयकर ऐन २०५८(संशोधनसहित) बमोजिम आयकर व्यवस्था गरिएको छ।

### २३. स्थगन कर

नेपाल लेखामान ९ अनुसार सम्पत्ती तथा दायित्वको आधारमा स्थगन गरिएको करको लेखाङ्कन गरिएको छ। बित्तीय बिवरण अनुसार सम्पत्ती तथा दायित्वको रकम तथा करका आधार बीच फरक भई श्रृजना हुने अस्थाई अन्तर (Temporary Difference) को कारणले भविष्यमा श्रृजना हुने कर दायित्व तथा सम्पत्तीको लगत राख्ने उद्येश्यले स्थगन करको लेखाङ्कन गरिएको छ। नेपाल लेखामानले निर्दिष्ट गरे बमोजिम वित्तीय विवरणमा स्थगन करलाई अलग्गै प्रस्तुत गर्नु पर्ने भएतापनि बित्तीय विवरणमा स्थगन कर सम्पत्ती तथा दायित्वलाई समायोजन (Netted Off) गरी सोहि अनुसार वासलातमा सम्पत्ती वा दायित्व अन्तर्गत लेखाङ्कन गर्ने नीति लिईएको छ।

### २४. गैर बैंकिङ्ग सम्पत्तिको लेखाङ्कन नीति

असुल हुन नसकेका कर्जाहरुको सुरक्षणमा रहेको धितो सकार गर्दा धितोमा रहेको सम्पत्तीको बजार मुल्यलाई ध्यानमा राखि कर्जा रकम वा बजारमुल्यमा जुन कम हुन्छ सोहि मुल्यमा सकार गर्ने नीति रहेको छ र नेपाल राष्ट्र बैंकले दिएको निर्देशन बमोजिम यी सम्पत्तीमा गरिएको व्यवस्था रकम लाई न्यून गरि वासलातमा देखाईएको छ। बैंकले सकार गरेको सम्पत्ती बिक्रि गर्दा सकार गरेको मुल्य भन्दा कम रकममा बिक्री गर्नु परेमा कम भए जती रकमलाई उक्त सम्पत्तीमा गरिएको व्यवस्था रकम सँग मिलान गरि बढि/नपुग हुन आएको रकमलाई सोहि बर्ष नाफा नोक्सान हिसाबमा समायोजन गर्ने नीति रहेको छ।

### २५. प्रतित पत्र खोलिए वापतको सम्भावित दायित्व अन्तर्गत पुरै रकमलाई सम्भावित दायित्वमा देखाउने नीति रहेकोछ।

### २६.पुनर्वर्गीकरण

नेपाल राष्ट्र बैंकको निर्देशानुसार गत बर्षको प्रस्तावित नगद लाभांश रु. ४३,१३,६६९/- तथा प्रस्तावित बोनस शेयर रु. ८,२१,६५,१३०/- लाई संचित मुनाफामा पुनरवर्गीकरण गरि एको छ।

# लेखा सम्बन्धी टिप्पणीहरू

आर्थिक वर्ष २०६४/६५

अनुसूची - ३३

**बैंकको लेखा सम्बन्धी टिप्पणीहरु निम्नानुसार रहेका छन् :**

### १.कर्जा सापटमा परिवर्तन

(रु. लाखमा)

| विवरण | रकम |
|---|---|
| कर्जा वितरण | १३,७४,४०.०० |
| कर्जा असुली | १२,०९,४२.०० |
| साँवा अपलेखन | – |
| व्याज मिनाहा | ३९.८५ |
| | |

### २.निक्षेप दायित्वमा परिवर्तन

निक्षेप दायित्वमा वर्ष भरिमा भएको परिर्वतनको विवरण निम्न बमोजिम रहेको छ :

(रु. लाखमा)

| विवरण | गत वर्ष | यस वर्ष | परिवर्तन (रु.) | परिवर्तन (%) |
|---|---|---|---|---|
| चल्ती | ३४,६६.९३ | ४९,७४.६९ | १५,०७.७६ | ४३.४९ |
| बचत | ३,८५,६८.१५ | ४,९३,४३.५९ | १,०७,७५.४४ | २७.९४ |
| मुद्दति | २,७३,३३.६० | २,९६,११.४१ | २२,७७.८१ | ८.३३ |
| मार्जिन | १२,५२.८२ | १०,१६.१४ | (२,३६.६८) | (१८.८९) |
| मागेको बखत तिर्नु पर्ने हिसाब | २,२६,९१.३३ | २,५८,८३.७४ | ३१,९२.४१ | १४.०६ |
| अन्य | १४,४१.६९ | १,९२.८५ | (१२,४८.८४) | (८६.६२) |
| **जम्मा :** | ९,४७,५४.५२ | ११,१०,२२.४२ | १,६२,६७.९० | १७.१७ |

### ३.भारित औषत व्याज दर

निक्षेप दायित्व र कर्जाको भारित औषत व्याज दर अन्तर निम्नानुसार रहेको छ ।

| विवरण | अनुपात (प्रतिशत) |
|---|---|
| कर्जा र लगानीको औषत अनुपात | ७.६० |
| निक्षेप तथा ऋण सापटको औषत अनुपात | ३.६४ |
| औषत व्याज दर अन्तर | ३.९६ |

### ४.अपलेखन हुन बाँकि खर्चको विवरण

बैंकले पूर्व संचालन खर्च तथा कम्प्यूटर सफ्टवेयर लगायत अन्य खर्चहरुलाई खर्च भएको समय देखि ५ वर्ष भित्रमा तथा समय यकिन भएको खर्चमा सोही हिसाबले अपलेखन गर्ने गरेको छ र सोको विवरण निम्नानुसार रहेको छ ।

(रु. लाखमा)

| विवरण | रकम |
|---|---|
| शाखा बिस्तार खर्च | १४.९७ |
| सफ्टवेयर खर्च | २,९४.१९ |
| स्थगन खर्च (अवास्तविक खर्च) | ३३.४४ |
| VSAT तथा अन्य संचार खर्च | १७.६४ |
| पट्टा बिकासमा भएको खर्च | ३,८९.०८ |
| **जम्मा** | ७,४९.३२ |

### ५.एक क्षेत्रमा अधिकेन्द्रीत रहेको जोखिमको सारांश

बैंकको सम्पत्ति र दायित्वसंग सम्बन्धित कारोबार र वासलात बाहिरको कारोबार कुनै एक व्यक्ति, फर्म, संघसंस्था तथा एक क्षेत्रमा अधिकेन्द्रीत रहेको जोखिमको सारांश निम्नानुसार रहेको छ ।

(रु. लाखमा)

| विवरण | कर्जा सापटि तथा बिल्स | निक्षेप र सापटी |
|---|---|---|
| २०६५ आषाढ ३१ मा रहेको मौज्दात | ८,९६,४०.७० | ११,१९,०७.५० |
| एक इकाइमा भएको उच्चतम Exposure | ३५,२१.५९ | १,२२,६४.३८ |
| **एक इकाइमा भएको उच्चतम Exposure को प्रतिशत** | ३.९३ | १०.९६ |

### ६.तरलता सम्बन्धी जोखिम

तरलता सम्बन्धी जोखिम न्यूनीकरण गर्न बैंकले आफ्नो दायित्व तथा सम्पत्तिलाई भुक्तानी अवधिको आधारमा विभिन्न समय अन्तरालमा बर्गिकरण गर्नु पर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुसार वर्गीकरण गर्ने गरेको छ र सो को विबरण निम्नानुसार रहेको छ ।

**भुक्तानी अवधिको आधारमा सम्पत्ती दायित्वको बर्गीकरण**

(रु. लाखमा)

| विवरण | १ –९० दिन | ९१ –१८० दिन | १८१ –२७० दिन | २७१ –३६५ दिन | १ वर्ष भन्दा बढी | कुल रकम |
|---|---|---|---|---|---|---|
| **(क) सम्पत्ति** | | | | | | |
| १. नगद मौज्दात | ५,६०३.१७ | – | – | – | – | ५,६०३.१७ |
| २. बैंक मौज्दात | ९,३६९.१७ | – | – | – | २८.२१ | ९,३९७.३८ |
| ३. विदेशी बैंकमा गरीएको लगानी | ५५०.९६ | १,७३०.०० | २,०७६.०० | १७४.०७ | १,०३८.०० | ५,५६९.०३ |
| ४. नेपाल सरकारको ऋण पत्र | ६,८३१.०५ | ५९१.३७ | ४७३.५३ | ३७७.५७ | – | ८,२७३.५२ |
| ५. नेपाल राष्ट्र बैंक ऋण पत्र | – | – | – | – | – | – |
| ६. अन्य लगानी | ७००.०० | – | – | – | ५९२.९६ | १,२९२.९६ |
| ७. अन्तर बैंक कर्जा | – | – | – | – | – | – |
| ८. कर्जा सापट | २७,५५२.०८ | १४,८०२.४८ | ९,७५९.५२ | ११,६९५.९३ | २५,८३०.७० | ८९,६४०.७० |
| **कुल सम्पत्ति** | **५०,६०६.४३** | **१७,१२३.८५** | **१२,३०९.०५** | **१२,२४७.५७** | **२७,४८९.८७** | **१,१९,७८०.७६** |
| **(ख) दायित्व** | | | | | | |
| १. सापटी | – | – | – | – | – | – |
| २. चल्ती निक्षेप | १,७१३.६४ | – | – | – | ३,२६१.०४ | ४,९७४.६८ |
| ३. बचत निक्षेप | ६,५३१.५९ | – | – | – | ४२,८०१.५२ | ४९,३३३.११ |
| ४. मुद्दती निक्षेप | ५,०६९.९३ | ४,७६४.३० | ५,४३८.७२ | ९,३८५.२४ | ४,९५३.२३ | २९,६११.४१ |
| ५. ऋण पत्रहरु | – | – | – | – | – | – |
| **कुल दायित्व** | **१३,३१५.१६** | **४,७६०.३०** | **५,४३८.७२** | **९,३८५.२४** | **५१,०१५.७९** | **८३,९१९.२०** |
| **खुद वित्तीय सम्पत्ती** | **३७,२९१.२७** | **१२,३६३.५५** | **६,८७०.३३** | **२,८६२.३३** | **(२३,५२५.९२)** | **३५,८६१.५६** |
| **सञ्चित खुद वित्तीय सम्पती** | ३७,२९१.२७ | ४९,६५४.८२ | ५६,६२५.१५ | ५९,३८७.४८ | ३५,८६१.५६ | – |

### ७.बैंकले सुरक्षणको रुपमा आफ्नो सम्पत्ति धितो राखी कुनै रकम लिएको छैन ।

**८. आवास कोष**

बैंकले कर्मचारी घर सापटिको व्यवस्था मिलाएको हुँदा श्रम ऐन, २०४८ ले व्यवस्था गरे अनुसार कर्मचारी आवास कोषको लागि छुट्टै रकम व्यवस्था गरेको छैन ।

**९.गैह्व बैकिङ्ग सम्पत्ती सम्वन्धि बिवरण**

| विवरण | रकम (रु. लाखमा) |
|---|---|
| गत बर्षको मौज्दात | ३३.९२ |
| यस बर्ष को थप | ०.०० |
| न्युनः यस बर्षको बिक्रि | ३०.०५ |
| न्युनः यस बर्षको थप व्यवस्था | ३.८७ |
| **खुद गैह बैंकिङ सम्पती** | ०.०० |

**१०.स्थगन कर** (Deferred Tax) **बिवरण :**
नेपाल लेखामान ९ अनूसार गणना गरिएको बैंकको स्थगन कर दायित्व तथा स्थगन कर सम्पतिको बिवरण निम्नानूसार रहेको छ ।

| | वासलातको रकम | कर आधार | अस्थाई फरक |
|---|---|---|---|
| नगद मौज्दात | ५६०,३१७,३५७.६४ | ५६०,३१७,३५७.६४ | – |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ८९३,२९५,४१८.८१ | ८९३,२९५,४१८.८१ | – |
| बैंक बित्तीय संस्थामा रहेको मौज्दात | १३४,९५०,८५४.७० | १३४,९५०,८५४.७० | – |
| माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ७०,०००,०००.०० | ७०,०००,०००.०० | – |
| लगानी | १,४४३,५५०,५६१.०३ | १,४४३,५५०,५६१.०३ | – |
| कर्जा सापट तथा बिल खरिद | ८,६४२,३२३,३७४.८१ | ८,६४२,३२३,३७४.८१ | – |
| स्थिर सम्पति | ५३५,८८६,१४२.६४ | ५७५,१४९,६१५.२९ | –३९,२६३,४७२.६५ |
| गैर बैंकिङ्ग सम्पति | – | ०.०० | – |
| अन्य सम्पति | २१८,४०८,१०९.५० | १४३,४७५,९३१.६६ | ७४,९३२,१७७.८४ |
| डेफर्ड कर | – | – | – |
| **जम्मा** | **१२,४९८,७३१,८१९.१३** | **१२,४६३,०६३,११३.९४** | **३५,६६८,७०५.१९** |
| ऋण पत्र तथा बन्ड | – | ०.०० | – |
| तिर्न बाँकी कर्जा सापट | ८८,५०८,१३४.०१ | ८८,५०८,१३४.०१ | – |
| निक्षेप दायित्व | ११,१०२,२४२,२६२.९९ | ११,१०२,२४२,२६२.९९ | – |
| भुक्तानी दिनुपर्ने बिलहरु | १०,३११,१५२.०७ | १०,३११,१५२.०७ | – |
| प्रस्तावित तथा भुक्तानी दिनु बाँकी लाभांश | – | ०.०० | – |
| डेफर्ड कर | – | ०.०० | – |
| अन्य दायित्व (डेफर्ड कर बाहेक) | १२६,४१९,४०९.८८ | ११६,९५०,५१६.१८ | ९,४६८,८९३.७० |
| **जम्मा दायित्व** | **११,३२७,४८०,९५८.९५** | **११,३१८,०१२,०६५.२५** | **९,४६८,८९३.७०** |
| शेयर पुँजी | ९०१,३३९,३००.०० | ९०१,३३९,३००.०० | – |
| जगेडा तथा कोषहरु (डेफर्ड कर बाहेक) | २६९,९११,५६०.५४ | २४३,७११,७४९.०५ | – |
| **जम्मा दायित्व तथा ईक्वीटी** | १२,४९८,७३१,८१९.४९ | १२,४६३,०६३,११४.३० | – |
| खुद अस्थाई फरक | | | २६,१९९,८११.४९ |
| करको दर | | | ३० प्रतिशत |
| **पर सारिएको आयकर ब्यवस्था** | | | ७,८५९,९४३.४५ |
| **चालु बर्षको आयकर ब्यवस्था** | | | – |
| **जम्मा आयकर ब्यवस्था** | | | ७,८५९,९४३.४५ |

उपरोक्त सारिएको आयकर दायित्वलाई यस बर्षको आयमा खर्च लेखिएको छ ।

**११.** बैंकको चुक्ता पूँजी मध्ये भुक्तानी प्राप्त हुन बाँकी र जफत गरिएका तर पुनः निष्काशन नगरिसकेका शेयरहरु रहेको छैन । तर, बैंकले आ.ब २०६५/०६६ मा निस्काशन गरेको १०:६ अनूपातको हकप्रद शेयर बापत बैंकका केहि संस्थापक तथा संचालकहरुवाट आफ्नो हक वापतको शेयर रकम मध्ये रु ७९,६८८,०००.०० अग्रीम भूक्तानी प्राप्त भएको रकमलाई वासलातमा चुक्ता शेयर पूँजीमा देखाईएको छ ।

**१२.बैंकको** Leasehold **सम्पत्तीको विवरण निम्नानुसार रहेको छ ।**

| विवरण | रकम (रु. लाखमा) |
|---|---|
| गत बर्षको मौज्दात | ३३२.१० |
| यस बर्ष को थप | ९८.५३ |
| न्युनः यस बर्षको अपलेखन | ४१.५५ |
| **खुद सम्पत्ती** | ३८९.०८ |

# Disclosure under Basel II

Nepal Rastra Bank issued guidelines for implementation of New Capital Adequacy Framework under Basel II requirement in July 2007. NRB Directed all Banks to adopt this framework and according to which Banks are to maintain Capital for Credit, Operational and Market Risk.

### 1. Capital structure & Capital Adequacy

**Table of Capital Fund**

| | Core Capital (Tier I) | 1,053,189,745 |
|---|---|---|
| a | Paid up Equity Share Capital | 901,339,300 |
| b | Statutory General Reserve | 88,869,401 |
| c | Retained Earnings | 176,841,851 |
| d | Less : Fictitious Assets | (4,821,000) |
| e | Less : Excess of Single obligar limit | (100,096,807) |
| f | Less : Investments arising out of underwriting commitments | (8,943,000) |
| | **Supplementary Capital (Tier II)** | **149,554,174** |
| a | General Loan Loss Provision | 142,941,233 |
| b | Exchange Equalization Reserve | 6,612,941 |
| | Total Capital Fund (Tier I and Tier II) | 1,202,743,919 |

## Information about Subordinated Term Debts:

The Bank has not issued any Bond and Debenture

**Deductions from Capital**

| | |
|---|---|
| Ficititious Assets | 4,821,000 |
| Excess of Single obligar limit | 100,096,807 |
| Investments arising out of underwriting commitments | 8,943,000 |
| Total Qualifying Capital | Rs 113,860,807 |

**Capital Adequacy Ratio**

| | | |
|---|---|---|
| a | Tier I Capital to Total Risk Weighted Exposures | 9.00 |
| b | Tier I and Tier II Capital to Total Risk Weighted Exposures | 10.52 |

### 2. Risk Exposures

| | Risk Weighted Exposures | Current Period |
|---|---|---|
| a | Risk Weighted Exposure for Credit Risk | 10,746,236,949 |
| b | Risk Weighted Exposure for Operational Risk | 652,956,023 |
| c | Risk Weighted Exposure for Market Risk | 36,105,691 |
| | Total Risk Weighted Exposures (a+b+c) | 11,435,298,663 |

### Risk Weighted exposures under each of 11 categories of Credit Risk

| | Particulars | Risk Weighted Exposures |
|---|---|---|
| a. | Claims on Government and Central Bank | - |
| b. | Claims on other Official Entities | 321,261,699.14 |
| c. | Claims on Banks | 131,790,795.92 |
| d. | Claims on Corporate and Securities Firms | 5,760,347,332.67 |
| e. | Claims on regulatory retail portfolio | 1,556,178,553.69 |
| f. | Claims secured by residential properties | 301,142,377.92 |
| g. | Claims secured by commercial real estate | - |
| h. | Past due claims | 88,600,588.47 |
| i. | High risk claims | 138,465,470.94 |
| j. | Other assets | 935,096,027.80 |
| k. | Off Balance Sheet items | 1,513,354,102.86 |
| | Total | 10,746,236,949.40 |

### Total Risk Weighted exposure calculation Table

| | Risk Weighted Exposures | Current Period |
|---|---|---|
| a | Risk Weighted Exposure for Credit Risk | 10,746,236,949.40 |
| b | Risk Weighted Exposure for Operational Risk | 652,956,022.63 |
| c | Risk Weighted Exposure for Market Risk | 36,105,691.00 |
| | Total Risk Weighted Exposures (a+b+c) | 1,435,298,663.02 |

### Amount of NPAs

| Category | Gross | Provision | Net |
|---|---|---|---|
| Restructured | 226,246,071 | 61,465,374 | 164,780,697 |
| Substandard | 82,690,767 | 20,672,692 | 15,597,965 |
| Doubtful | 6,841,182 | 3,420,591 | 3,420,591 |
| Loss | 3,384,131 | 3,384,131 | 0.00 |

### NPA Ratio

| | |
|---|---|
| Gross NPA to Gross Loans and Advances | 3.56 % |
| Net NPA to Net Loans and Advances | 2.66 % |

**Movement of NPA**

| Particulars | Opening Balance | Closing Balance | Movement |
|---|---|---|---|
| Non Performing Loan | 189,148,311 | 319,162,150 | 130,013,839 |
| a. Restructured | 103,980,072 | 226,246,071 | 122,265,999 |
| b. Substandard | 19,290,865 | 82,690,767 | 63,399,902 |
| c. Doubtful | 26,610,217 | 6,841,182 | (19,769,035) |
| d. Loss | 39,267,157 | 3,384,130 | (35,883,027) |

**Write off of Loans and Interest Suspense:**

| | |
|---|---|
| Loans and Advances | NIL |
| Interest Suspense | 3,985,014 |

**Movement of Loan Loss Provision and Interest Suspense:**
**Loan Loss Provision**

| Particulars | Opening Balance | Closing Balance | Movement |
|---|---|---|---|
| Total loan loss Provision | 190,047,722 | 321,746,918 | 131,699,196 |
| a. Pass | 125,763,831 | 232,804,131 | 107,040,300 |
| b. Restructured | 1,933,508 | 61,465,374 | 59,531,866 |
| c. Substandard | 6,679,717 | 20,672,692 | 13,992,975 |
| d. Doubtful | 16,403,509 | 3,420,591 | (12,982,918) |
| e. Loss | 39,267,157 | 3,384,131 | (35,883,026) |

**Interest Suspense**

| Particulars | Opening Balance | Closing Balance | Movement |
|---|---|---|---|
| Interest Suspense | 48,162,115 | 45,219,197 | (2,942,918) |

**Details of Additional Loan Loss Provision:**

| Particulars | Opening Balance | Closing Balance | Movement |
|---|---|---|---|
| Total Loan Loss Provision | 190,047,722 | 321,746,918 | 131,699,196 |

## 3. Risk management Function

**Credit Risk:**
The Bank follows NRB directives regarding classifying and accounting for income recognition, assets classification and provisioning norms.
Bank is exposed to uncertainties and due to various economic or environmental factors, some of them are inherent to the banking business and others which are unforeseen and unexpected. Risk Management is comprehensive process adopted by a Bank to minimize adverse effects of such risks and uncertainties.
In order to manage credit risk, the bank has established sound credit appraisal system. The bank has a credit committee headed by a non executive director which controls and monitors credit disbursement. The bank has it's own Credit Policies Guidelines and other consumer loan product papers approved by Board of Directors and are strictly followed during credit disbursement. The bank performs market/customer analysis to minimize the credit risk.

**Market Risk:**
For the management of Market/Liquidity risk, the Bank has a very effective ALCO which meets frequently to circulate various guidelines, financial benchmark, maturity limits for investment and operation in various market segments. The policies consists of various limits like issue wise limits, duration limits, single party exposure limits, industry wise exposure limits etc for the portfolio as a part of market risk management.

**Operational Risk:**
The bank has strong internal control system so that material fraud and errors can be easily traced. Further, the bank is following a scientific process for segregation of duty so that internal check can be maintained. The bank is following operational manual approved by Board of Directors. The bank has Internal Audit Department which functions to carry out review of internal control system of the bank and ensure that the approved policies, procedures and manuals are strictly followed. The report of the Internal Audit Department is directly submitted to Audit Committee headed by a non executive director.

आ.ब. २०६४/६५ को बैंकको वितीय बिबरणहरु स्वीकृत गर्दा

## नेपाल राष्ट्र बैंकबाट दिईएका निर्देशनहरू र सो प्रति बैंक ब्यबस्थापनको जवाफ ।

१. यस बैंकको समष्टिगत स्थलगत निरिक्षण प्रतिवेदन २०६५ को निर्देशन अनुसार केहि कर्जाहरुमा तोकिएको शर्तहरुको पालना नभएको कारण शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गरिएको भएतापनि सम्वन्धित परियोजनाको लागि प्रवाह गरिएको भाखा ननाघेको अधिबिकर्ष कर्जामा भने एक प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था गर्दा सम्वन्धित कर्जामा देखिएको निहित जोखिमलाई आगामी दिनहरुमा न्यूनीकरण गर्न व्यवस्थापनको ध्यानाकर्षण गरिन्छ ।

२.ग्राहक पिच्छे बर्गीकरण गरिएको कर्जाहरु तथा सोको नोक्सानी व्यवस्था सम्वन्धि विवरणमा यस बैंकको निर्देशन फा.नं. २.२ अनुरुप अद्यावधिक गरी राख्ने गर्नु हुन ध्यानाकर्षण गरिन्छ ।

उपरोक्त सम्बन्धमा बैंकको जवाफ :

१. बैंकले नेपाल राष्ट्र बैंकको निर्देशनहरुका अधिनमा रही कर्जा नोक्सानी ब्यबस्था कायम गर्नुका साथै केहि कर्जाहरुमा सम्भावित जोखिमलाई दृष्टिगत गरी थप कर्जा नोक्सानी व्यवस्था समेत कायम गर्ने गरिएको छ र कायम गरिने छ ।

२. नेपाल राष्ट्र बैंकको निर्देशनको पालना गरिएको छ ।

## प्रबन्धपत्र संशोधन प्रस्ताव

दशौं बार्षिक साधारण सभाको छलफलको बिशेष प्रस्ताब नं. ३ संग सम्बन्धित

| दफा | हालको ब्यबस्था | संशोधित ब्यबस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| ५(ख) | बैंकले तत्काल जारी गर्ने शेयर पुँजी न्युनतम रू. १,३१,४६,४२,०८०/- (अक्षेरुपी एक अरब एकतिस करोडछयालिस लाख बयालिस हजार असी) हुनेछ । | बैंकले तत्काल जारी गर्ने शेयर पुँजी न्युनतम रू. १,४७,८९,७२,४००/- (अक्षेरुपी एक अरब सतचालिस करोड उनान्नब्बे लाख बहत्तर हजार चार सय) हुनेछ । | बोनस शेयर जारी गर्दा हुन आउने रकम थप गरी जारी पुँजी रकम बढाएको । |
| ५(ग) | बैंकको तत्काल चुक्ता पुँजी न्युनतम रू. १,३१,४६,४२,०८०/- (अक्षेरुपी एक अरब एकतिस करोड छयालिस लाख बयालिस हजार असी) हुनेछ । | बैंकको तत्काल चुक्ता पुँजी न्युनतम रू. १,४७,८९,७२,४००/- (अक्षेरुपी एक अरब सतचालिस करोड उनान्नब्बे लाख बहत्तर हजार चार सय) हुनेछ । | बोनस शेयर जारी गर्दा हुन आउने रकम थप गरी चुक्ता पुँजी रकम बढाएको । |
| ५(घ) | बैंकले अधिकृत पुँजीको ३० प्रतिशत शेयर सर्वसाधारणको लागि छुट्टाएको छ । | बैंकले जारी पुँजीको ४९ प्रतिशत शेयर सर्वसाधारणको लागि छुट्टाएको छ । | सर्वसाधारणको ३० प्रतिशत शेयर रहि आएकोमा नेपाल राष्ट्र बैंकवाट जारी भएको परिपत्र र प्राप्त स्वीकृति बमोजिम संस्थापकहरुको १९ प्रतिशत शेयर सर्वसाधारण बर्गमा परिणत गरिएकोले सोहि अनुसार सर्वसाधारणको शेयर स्वामित्व मिल्ने गरी संशोधन आवश्यक भएको । |
| ५(ङ) | संस्थापक शेयरधनीहरुलाई समुह “क” मा बर्गीकरण गरिएको छ । यो समुहको शेयर स्वामित्व ७० प्रतिशत हुनेछ । सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समुह “ख” मा बर्गीकरण गरिएको छ । यो समुहको शेयर स्वामित्व ३० प्रतिशत हुनेछ । यस समुहको शेयर मध्ये बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्टाई संचालक समितिको निर्णय बमोजिम बिक्री बितरण गर्न सकिनेछ । | संस्थापक शेयरधनीहरुलाई समुह “क” मा बर्गीकरण गरिएको छ । यो समुहको शेयर स्वामित्व न्युनतम ५१ प्रतिशत हुनेछ । सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समुह “ख” मा बर्गीकरण गरिएको छ । यो समुहको शेयर स्वामित्व ४९ प्रतिशत सम्म हुनेछ । यस समुहको शेयर मध्ये बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्टाई संचालक समितिको निर्णय बमोजिम बिक्री बितरण गर्न सकिनेछ । | संस्थापकहरुको ७० प्रतिशत र सर्वसाधारणको ३० प्रतिशत शेयर रहि आएकोमा नेपाल राष्ट्र बैंकवाट जारी भएको परिपत्र र प्राप्त स्वीकृति बमोजिम संस्थापकहरुको १९ प्रतिशत शेयर सर्वसाधारण बर्गमा परिणत गरिएकोले सोहि अनुसार संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व मिल्ने गरी संशोधन आवश्यक भएको । |

## नियमावली संशोधन प्रस्ताव

दशौं बार्षिक साधारण सभाको छलफलको बिशेष प्रस्ताब नं. ३ संग सम्बन्धित

| नियम | हालको ब्यबस्था | संशोधित ब्यबस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| ८.२ | यस बैंकमा आठ जनाको संचालक समिति हुनेछ । सो समितिमा समुहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ । | यस बैंकमा आठ जनाको संचालक समिति हुनेछ । सो समितिमा समुहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ । | |
| (क) | संस्थापक समुहका शेयरधनीहरुवाट आपसी समझदारीवाट मनोनित वा निर्वाचित पाँच जना । | संस्थापक समुहका शेयरधनीहरुवाट आपसी समझदारीवाट मनोनित वा निर्वाचित चार जना । | शेयर स्वामित्वको संरचनामा परिवर्तन भए अनुरुप संचालक समितिको प्रतिनिधित्वमा परिवर्तन आवश्यक भएकोले । |
| (ख) | सर्वसाधारण समुहका शेयरधनीवाट निर्वाचित दुई जना । | सर्वसाधारण समुहका शेयरधनीवाट निर्वाचित तिन जना । | |
| (ग) | नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक बिशेषज्ञकहरुको सूचीवाट संचालक समितिले नियुक्त गरेको व्यवसायिक संचालक एक जना । | नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक बिशेषज्ञकहरुको सूचीवाट संचालक समितिले नियुक्त गरेको व्यवसायिक संचालक एक जना । | |

## व्यवस्थापन समूह

भाईकाजी श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

बिजय बहादुर श्रेष्ठ
नायब महाप्रबन्धक

विवेक झा
प्रमुख, आन्तरिक लेखापरीक्षण बिभाग

गोबिन्द प्रसाद शर्मा
प्रमुख, बित्त तथा योजना बिभाग/कम्पनी सचिव

पृथ्वी श्रेष्ठ
बरिष्ठ प्रबन्धक, कर्जा बिभाग

बिनोद सिंह भण्डारी
प्रमुख, प्रशासन तथा मानव संशाधन बिकास बिभाग

दिपेन्द्र श्रेष्ठ
सहायक प्रबन्धक, कर्जा बिभाग

बिश्वम्भर नेउपाने
नायब प्रबन्धक, कर्जा बिभाग

पशुपती नारायण चौधरी
प्रमुख, सुचना तथा प्रबिधि बिभाग

राजेश भण्डारी
सहायक प्रबन्धक, कर्जा बिभाग

## शाखा व्यवस्थापकहरू

प्रबिण कृष्ण श्रेष्ठ
बरिष्ठ प्रवन्धक, न्यूरोड शाखा

अर्जुन थापा
बरिष्ठ प्रबन्धक,
प्रधान कार्यालय, पोखरा

प्रशान्तराज डंगोल
प्रबन्धक, काठमाण्डौ शाखा

राजुनाथ चालिसे
प्रबन्धक, न्यूरोड शाखा

पवन ढकाल
नायब प्रबन्धक, प्रधान कार्यालय, पोखरा

उपेन्द्र मालाकार
सहायक प्रबन्धक, न्यूरोड शाखा

भुवन सिंह खत्री
सहायक प्रबन्धक, प्रधान कार्यालय, पोखरा

छानु श्रेष्ठ
सहायक प्रबन्धक, काठमाण्डौ शाखा

बिशाल भक्त जोशी
सहायक प्रबन्धक, काठमाण्डौ शाखा

तोयाराज अधिकारी
शाखा प्रवन्धक, बिरगंज शाखा

बैकुण्ठ राज तिम्सेना
शाखा प्रवन्धक, महेन्द्रपुल शाखा

जय प्रसाद सापकोटा
शाखा प्रवन्धक, दमौली शाखा

मनोज कुमार जोशी
शाखा प्रवन्धक, बुटवल शाखा

नारायण के.सी.
शाखा प्रवन्धक, नारायणगढ शाखा

पेशल राज पोखरेल
शाखा प्रवन्धक, इटहरी शाखा

मनीष आचार्य
शाखा प्रवन्धक, धनकुटा शाखा

दिपेन्द्र बाबु बिष्ट
शाखा प्रवन्धक, ललितपुर शाखा

दिपेन्द्र प्रसाद वाग्ले
शाखा प्रवन्धक, बनेपा शाखा

जीवन बहादुर कार्की
शाखा प्रवन्धक, बगर शाखा

कल्पना कार्की
शाखा प्रवन्धक, राम बजार शाखा

मनोज राज घिमिरे
शाखा प्रवन्धक, जोमसोम शाखा

सरोज पाखरेल
शाखा प्रवन्धक, बेनी शाखा

बिपिन उदास
शाखा प्रवन्धक, वालिङ्ग शाखा

सुभाष कुवँर
शाखा प्रवन्धक, भैरहवा शाखा

सुदिप बैद्य
शाखा प्रवन्धक, इलाम शाखा

बिर्सना श्रेष्ठ
शाखा प्रवन्धक, बालुवाटार शाखा

सुशीलमणी लामिछाने
शाखा प्रवन्धक, आँबु खैरेनी शाखा

अनुज सिग्देल
शाखा प्रवन्धक, दुलेगौडा शाखा

राजेश शर्मा
शाखा प्रवन्धक, लेक साईड शाखा

## एक्स्टेन्सन काउण्टर

नितु राणा
ईन्चार्ज, थापाथली



बैंकको सम्पत्ति तथा
चुक्ता पूँजी बृद्धि
१४०००० १२०००० १००००० ८०००० ६०००० ४०००० २०००० ०
७३६७ ८४०
११२९६ ३६२
२४३९६ ५४४१.७४
३४९६३ ५५००
६५२५३ ५५००
९०६९८.३ ७५५०
१०८०७६.१७ ८२९६.५१
१२४९८५.४५ ९०१३.३९
२०५८ आषाढ मसान्त
२०५९ आषाढ मसान्त
२०६० आषाढ मसान्त
२०६१ आषाढ मसान्त
२०६२ आषाढ मसान्त
२०६३ आषाढ मसान्त
२०६४ आषाढ मसान्त
२०६५ आषाढ मसान्त
चुक्ता पूँजी
सम्पति तथा जेथा




आम्दानीको मिश्रण
१००% ९०% ८०% ७०% ६०% ५०% ४०% ३०% २०% १०% ०%
२०५८ आषाढ मसान्त
२०५९ आषाढ मसान्त
२०६० आषाढ मसान्त
२०६१ आषाढ मसान्त
२०६२ आषाढ मसान्त
२०६३ आषाढ मसान्त
२०६४ आषाढ मसान्त
२०६५ आषाढ मसान्त
अन्य आम्दानीहरु
बिदेशी बिनिमयबाट आम्दानी
कमिशन अम्दानीहरु
लगानीबाट ब्याज आम्दानी
कर्जा सापटीबाट ब्याज आम्दानी




कुल आम्दानी र खूद नाफा बृद्धि
१०००० ९००० ८००० ७००० ६००० ५००० ४००० ३००० २००० १००० ० -१०००
३५१.८५ -१५५.०९
७७१.८८ -४२४.५
१५११.४५ १५२.०१
२४३७ ४३७
४२८२ ८४१
६५४५.०७ १३३९.१७
८०७३.२५ ७४०.८३
९०८०.२२ ८५०.१३
२०५८ आषाढ मसान्त
२०५९ आषाढ मसान्त
२०६० आषाढ मसान्त
२०६१ आषाढ मसान्त
२०६२ आषाढ मसान्त
२०६३ आषाढ मसान्त
२०६४ आषाढ मसान्त
२०६५ आषाढ मसान्त
कूल आम्दानी
खूद नाफा (नोक्सान)




खर्चको मिश्रण
१००% ९०% ८०% ७०% ६०% ५०% ४०% ३०% २०% १०% ०%
२०५८ आषाढ मसान्त
२०५९ आषाढ मसान्त
२०६० आषाढ मसान्त
२०६१ आषाढ मसान्त
२०६२ आषाढ मसान्त
२०६३ आषाढ मसान्त
२०६४ आषाढ मसान्त
२०६५ आषाढ मसान्त
जोखिम व्यहोर्ने कोष व्यवस्था
कर्मचारी खर्च
ह्रास तथा अपलेखन खर्च
कार्यालय संचालन खर्च
निक्षेपमा ब्याज खर्च




निक्षेप तथा कर्जा
सापटीको बृद्धि
१२०००० १००००० ८०००० ६०००० ४०००० २०००० ०
२०५८ आषाढ मसान्त
२०५९ आषाढ मसान्त
२०६० आषाढ मसान्त
२०६१ आषाढ मसान्त
२०६२ आषाढ मसान्त
२०६३ आषाढ मसान्त
२०६४ आषाढ मसान्त
२०६५ आषाढ मसान्त
कर्जा तथा सापट
निक्षेप




निक्षेपको मिश्रण
१००% ८०% ६०% ४०% २०%
२०५८ आषाढ मसान्त
२०५९ आषाढ मसान्त
२०६० आषाढ मसान्त
२०६१ आषाढ मसान्त
२०६२ आषाढ मसान्त
२०६३ आषाढ मसान्त
२०६४ आषाढ मसान्त
२०६५ आषाढ मसान्त
मुद्दती निक्षेप
कल निक्षेप
बचत निक्षेप
मार्जिन निक्षेप
चल्ती निक्षेप

## MACHHAPUCHCHHRE

# yuba

## bhachat khata




## रु. १०० मा
## युवा बचत खाता

- १००/- मा युवा बचत खाता खोल्न सकिने
- नि:शुल्क ABBS सेवा *
- वार्षिक ४% प्रतिशत ब्याज (मासिक न्यूनतम मौज्दातमा)।
- रु. १००/- मा ATM/Debit Card
- चेकबुक सुबिधा।
- निशुल्क नेपाल टेलिकमको फोनको महसुल खाताबालको खाताबाट भुक्तानी।
- शैक्षिक कर्जा तथा घर कर्जाको सेवा शुल्कमा ५० प्रतिशत छुट।
- Travellers Cheque को विक्रि सेवा शुल्कमा ५० प्रतिशत छुट।

* शर्त लागु हुने

Service with a personal touch...

**Machhapuchchhre Bank Limited**
**माछापुच्छ्रे बैंक लिमिटेड**

**कर्पोरेट अफीस: पुतलीसडक, काठमाडौ, फोन: ४४४३६८१**

**URL: www.machbank.com**
**SWIFT Code: MBLNNPKA**

**पोखरा:** नयाँबजार, फोन नं. ०६१-५३०९००/महेन्द्रपुल, फोन: ०६१-५३८४७९/रामबजार, फोन: ०६१-४३११९३/बगर बजार, फोन: ०६१-५४१२२६, **काठमाडौं:** पुतलीसडक, फोन: ०१-४४४३६८१/काठमाडौं मल, फोन: ०१-४१५०२०१/बालुवाटार, फोन: ०१-४४३१८१५/थापाथली, फोन: ०१-४२३३१८२, **ललितपुर:** ग्वार्को, फोन: ०१-५२०३३३३, **दमौली:** दमौली बजार, फोन: ०६५-५६०५००, **बनेपा:** बनेपा चोक, फोन: ०११-६६३५५३, **इटहरी:** इटहरी चोक, फोन: ०२५-५८६८८१, **भैरहवा:** देवकोटा चोक, फोन: ०७१-५२४६४२, **जोमसोम:** एयरपोर्ट मुस्ताङ्ग, फोन: ०६९-४४००९८, **बिरगंज:** लिंकरोड, फोन: ०५१-५२४८२८, **तनहुँ:** आँबुखैरेनी, फोन: ०६५-५४०३४४, ५४०३४५, **स्याङ्जा:** वालिङ्ग, फोन: ०६३-४४०३११, **म्याग्दी:** बेनी बजार, फोन: ०६९-५२०९६४, **दुलेगौंडा:** तनहुँ, फोन: ०६५-५७०८००, **धनकुटा:** धनकुटा बजार, फोन: ०२६-५२१४३७, **पोखरा:** लेकसाइड, फोन: ०६१-४६३२००, **इलाम:** इलाम बजार, फोन: ०२७ ५२१७१०, **बुटवल:** बुटवल बजार, फोन: ०७१ ५४५७६५, **नारायणगढ:** चितवन, फोन: ०५६-५३३२७१